# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमी

एकल महिला भन्ने वित्तिकै श्रीमान् गुमाएकी, श्रीमान्को अत्तोपत्तो नभएको, विहेवारी नभएको अधवैशे, श्रीमान्सँग सम्बन्ध विच्छेद गरेकी महिला भनेर बुझिन्छ (थापा, २०६६) । तर जति सजिलो तरिकाले हाम्रो समाजले एकल शब्दको उच्चारण गर्दछ त्यो भन्दा सयौं गुणा बढी दुखहरु सहदै एकल महिला नेपाली समाजमा जिवन निर्वाह गर्न बाध्य भएकी छे । त्यसमा पनि श्रीमान् गुमाएकी एकल महिलाको स्थिति झनै पिडादायक छ । नेपाली हिन्दु समाजले श्रीमान् गुमाएकी एकल महिला अशुभको संकेत, समाजको लागी अनिष्ट जस्ता अलंकारहरुले विभुषित गरिदिएको छ । अब यसबाट जो कोहीले पनि हिन्दु नेपाली समाजमा श्रीमान् गुमाएकी एकल महिलाको अवस्था कस्तो होला सजिलै अनुमान लगाउन सकिन्छ ।

नेपाल एउटा विकासोन्मुख देश हो तर पनि यहाँको सामाजिक तथा आर्थिक अवस्था अन्य राष्ट्रहरुको तुलनामा निकै नै कमजोर रहेको छ । परम्परागत तथा रुढिवादी सामाजिक तथा सांस्कृतिक विश्वास नेपाली समाजमा अझै विद्यमान रहेको कारणले गर्दा यहांको सामाजिक जिवन त्यती सजिलो छैन । अझ त्यसैमा नेपाली समाजका महिलाहरुको अवस्था झनै कष्टपुर्ण रहेको छ । पिछडिएको नेपाली समाजमा महिलाहरु आर्थिक सामाजिक अवस्था दृष्टिकोणले झनै पिल्सीएका छन् । वि.स. २०६८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्याको ५२.५ प्रतिशत जनसंख्या महिलाहरुकै रहेको छ । तर पनि यहाँ महिलाहरुलाई दोस्रो दर्जाको नागरीकको रुपमा हेरिने गरेको पाईन्छ । महिलाहरुलाई विवाह गरेर ल्याए पछि छोराछोरी जन्माउनु महिलाको ठुलो उपलब्धी मानिन्छ तर नेपाली समाजमा छोरा नजन्माउनुमा महिलाको ठुलो दोष नै मानिने गरेको पाइएको छ । छोरा नजन्माएकै कारणले ९ देखी १० वटा सम्म छोरी जन्माउनु परेको र पछि त्यही कारणले महिलालाई घरबाट निकाल्नु, सौता ल्याउनु तथा अन्य मानसिक तथा शारिरीक यातना पाएको घटना थुप्रै सुनिन तथा देखिनमा आएका छन् । यसैबाट नै प्रष्ट हुन्छ कि नेपाली समाजमा पुरुषले कतिको महत्व राख्दछ, अनि त नेपाली समाज पितृसत्तात्मक समाज कहलिन्छ । समाजकै कारणले छोरीलाई कम प्राथमिकता दिनु, घरभित्रै खाना देखी लगाउने लुगा, शिक्षा, कसैसँग बोल्यो कि बात लगाउने तथा व्यवहारिक कुरामा आफ्नै परिवारबाट असमान व्यवहार पाइरहेको कुरा नेपाली समाजमा देखिन्छ । कसैले यो परम्परा संस्कृतीलाई बदल्ने प्रयास गरेमा त्यस्ता व्यक्तीलाई समाजले नै तिरस्कार गर्ने गरेको पाईन्छ । अहिलेको २१ औं शताब्दीमा पनि अझै धर्ममा असमान व्यवहार र महिला पुरुषका लागी वेग्लावेग्लै नियम, कानुन आदी बनाइएको पाइएका छन् (थापा, २०६२) ।

नारी संसारको सृष्टिको आधार हुन तर पनि नेपाली समाजमा नारीलाई भुमिकाविहीन दोस्रो दर्जाको नागरिकको रुपमा हेरिन्छ । साथै अधिकांश अविकसीत र विकासोन्मुख मुलुकहरुमा नारीहरु दमन, उत्पिडन एवं शोषणको मारमा परेका छन् । समाजको संरचनामा महिला र पुरुष नभई हुंदैन । त्यसैले नेपालीमा एउटा उखान नै छ कि 'महिला पुरुष एक रथका दुई पाङ्ग्रा हुन' । अर्थात् एउटाको विना अर्कोको कुनै अस्तित्व नै छैन । तर पनि यस्तो हुँदा हुंदै पुरातन पितृसत्तात्मक सोंचबाट जकडिएको नेपाली समाजमा महिलाहरुलाई दोस्रो दर्जाको नागरिकको रुपमा व्यवहार गरिन्छ, फलस्वरुप पुरुषको दांजोमा महिलाहरु पछाडी परेका छन् । हिन्दु धर्म अनुसार महिलालाई विभिन्न देवीको स्थान दिईन्छ तर पनि त्यही हिन्दु समाजमा महिलाको सम्मानजनक अवस्था छैन । हिन्दु समाजमा महिलाले आफ्नो श्रीमानलाई भगवानको दर्जा दिन्छन् तर केही कारणवस श्रीमान्को मृत्यु हुन पुगेको खण्डमा आफ्ना सम्पुर्ण श्रृङ्गारीक वस्तुहरुलाई त्यागेर सेतो वस्त्र धारण गर्नुपर्दछ भन्ने समाजको परम्परागत मान्यताले गर्दा महिलाहरु प्रति अति नै सरल तथा नियोजित तरिकाले हिंसा बढाईरहेको छ । आफ्नो श्रीमान्को मृत्यु पछि महिलालाई समाजले नै एउटा नयां पहिचान 'एकल महिला' जवरजस्ती थुपारी दिन्छ । यसरी एउटी छोरी, बुहारी, श्रीमती, आमा हुंदै श्रीमान्को मृत्यु पश्चात् एकल बन्न पुग्छ र बांकी जिवन एकलकै पहिचान बोकेर बांच्नुपर्ने हुन्छ जुन एकदमै लाजमर्दो, डरलाग्दो, कठिन र असह्य अवस्था हो । यही कारणले गर्दा एकलहरुलाई "मृत्युबाट जन्मिनेहरु" भनेर बोलांउदा केही फरक नपर्ला (थापा, २०६२) ।

वि.सं. २०५८ सालमा राष्ट्रिय स्तरमा गरेको एकल महिलाको भेलाले विधवा शब्दले हेय, हिनताबोध तथा समाजमा नराम्ररी चित्रण गरिएकाले सो शब्दको सट्टा श्रीमानको मृत्यु भएका महिलाहरूलाई "एकल महिला" नै भन्ने घोषणा गऱ्यो (एकल महिला सञ्जाल समुह, २०५८) । हाम्रो समाजमा विवाहित दम्पतीमा श्रीमान्को भन्दा पहिले श्रीमतीको मृत्यु भएमा उसलाई सौभाग्यवती ( सधुवा) भनेर चिनिन्छ  र कमै मात्रामा श्रीमानलाई विधुर भन्ने गरिन्छ । तर श्रीमती भन्दा पहिले श्रीमान्को मृत्यु भएमा त्यस महिलालाई एकल महिला, विधवा, राँडी भनेर उसको विवाहित स्तर नै खोसिदिन्छ  नेपाली समाजले । त्यसपछि महिलाको अत्यन्त दयनीय र दर्दनाक अवस्थाको प्रारम्भ हुन्छ र तल्लो स्तरको सामाजिक बहिष्कार गर्ने संस्थागत संरचनाहरूलाई क्रियाशिल परिवार, समाज, राष्ट्रिय नियम र कानुन समेतले गराउन थाल्दछ । फलस्वरुप श्रीमान्को मृत्युपश्चात उक्त एकल महिला आफ्नो संघर्षमय जीवन बिताउने क्रममा नितान्त एक्लो बन्न पुग्दछे (ढुंगाना, २०६२) ।

नेपालको जस्तो हिन्दू समाजमा महिलाहरूलाई द्वैध रुपमा हेरिएको पाइन्छ । एकातिर महिलालाई सम्मानजनक स्थान प्रदान गरिएको पाइन्छ भने अर्कोतर्फ त्यही महिलालाई हेय दृष्टिले हेरिएको अथवा तल्लो स्थानमा राखेको पाइन्छ । मनुस्मृतिमा महिलाहरू केटाकेटीमा आमाबाबुको नियन्त्रणमा, विवाहित अवस्थामा श्रीमानको  नियन्त्रणमा भने बुढ्यौली अवस्थामा छोराछोरी माथि निर्भर हुन्छन् भनिएको छ ( एकल महिला सञ्जाल समूह, २०५८) ।

एकल महिला भन्ने परिपाटी कहिले देखि शुरु भएको हो र यो के आधारमा महिला भित्र पनि वर्गीकरण गरिएको हो अहिलेसम्म पनि विभिन्न विज्ञ तथा समाजसेवीले ठम्याउन सकेका छैनन् । तैपनि श्रीमान्को मृत्युपश्चात् महिलाको पहिचान बनाउन पनि एकल भन्ने परम्परा चलेको पाईन्छ । नेपाली हिन्दु समाजमा परापूर्व कालमा श्रीमान्को मृत्युपश्चात सती जाने प्रथा थियो । जव सती प्रथाको अन्त भयो तत् पश्चात् श्रीमान् नभएका महिलाहरूलाई कसरी वसमा राख्ने भन्ने सोचले पनि एकल महिलाका लागि अनेकौं गर्न हुने र गर्न नहुने कार्यहरूको थालनी भएको जनमानसमा विश्वास रहेको भेटिन्छ । एकल शब्द वैदिक भाषाबाट शुरु भएको पाइन्छ । पछि गएर इण्डो-युरोपियन भाषा भएको मान्यता छ । युरोपियन भाषाहरूमा यो शब्दप्रति एकरुपता जस्तै पाइन्छ । ल्याटिन भाषामा विदवा, इटालियनमा बदवा, स्पेनिसमा विउदा, फ्रेन्चमा वँड, रसियनमा विदोला, जर्मनमा वितुवा, पर्सियनमा वंवा भन्ने प्रचलन रहेको पाइन्छ । नेपालमा पनि त्यस्ता महिलाहरूलाई एकल भन्ने चलन छ भने नेपालकै विभिन्न जातजातिमा आफ्नै भाषा अनुकूल यसलाई विभिन्न नाम दिएको पाइन्छ (थापा, २०६२) ।

नेपाली परिवेश अझै पनि नेपाली महिलाहरुहको लागि त्यती सजिलो हुन सकिरहेको छैन । नेपाली महिलाहरु केही न केही निहु बहानामा पुरुषहरुको कायरता तथा निर्दयताको शिकार भईरहेका छन् । त्यस्तै शिकार हुन पुगेका छन् नेपाली एकल महिलाहरु नेपाली समाजमा । श्रीमान् गुमाएकी महिलालाई उसको समाजको साथै उसकै परिवारले पनि अपहेलित व्यवहार गरिरहेको थुप्रै उदाहरणहरु छन् नेपाली समाजमा । श्रीमान् गुमाएकी महिलालाई नेपाली समाजले एकल तथा तराईको मैथली समाजमा श्रीमान्को मृत्यु भएका महिलालाई राँडी भनेर पनि भनिन्छ जुन नेपाली भाषामा तल्लो स्तरको अपहेलित शब्द मानिने गरिन्छ । श्रीमान् गुमाए पश्चात् ती महिलाको लगाउने लुगा कपडा देखि उसले खाने कुराहरुमा पनि चियो चर्चा गर्ने गरेको पाईन्छ ।

एकल महिलाहरूले आफ्नो सिन्दुर, चुरा, पोते लगायत सौभाग्यको प्रतिक रातो रंगलाई समेत त्याग्नु पर्ने प्रचलन प्राचिन समयदेखि रहीआएको छ । जसले गर्दा हाम्रो समाजमा सौभाग्य सूचक रातो रंगका कपडाहरू तथा श्रृङ्गारहरू प्रयोग नगरेका महिलाहरू टाढैबाट एकल महिला हो भनेर पहिचान गर्न सकिन्छ । ग्रामीण समाजले एकातिर एकल महिलाहरूलाई अबला र अनाथको संवेदना दिन्छ भने अर्कोतर्फ उनैमाथि अन्याय, अत्याचार र थिचोमिचो हुँदा पनि मुकदर्शक भएर बसेको पाइन्छ । यसका अतिरिक्त स्वयं एकल महिलाहरूमा पनि आफूलाई अनाथ तथा दुःखी सम्झने र आत्मग्लानीको भावनालाई प्रश्रय दिएर हिनताबोधमा डुब्ने गर्नाले समाजमा आफ्नो महत्वपूर्ण स्थानलाई पछाडि धकेल्ने काममा थप ऊर्जा उनीहरूबाटै प्रदान भएको पाइन्छ (रिजाल, २०६०) ।

एकल महिलाले लगाउने, खाने, बोल्ने, बस्ने, काम गर्ने जस्ता सबै कुरामा बन्देज लगाइन्छ । वच्चा छाडेर अर्को विवाह गर्छे या सम्पत्ति खान्छे भन्ने डरले अंश नदिने, दिए पनि बेच्न नमिल्ने गरी दिने, आमाको साथबाट वच्चा छुटाउने, श्रीमानको नाममा भएको सम्पत्ति दिन पनि जालझेल गर्दछन् । कतिपय घर परिवारले त सम्पति दिन नपरोस् भनेर घरबाट निकाल्न खोज्ने, कामको सिलसिलामा कुनै

केटा मान्छेसँग बोल्यो भने 'बात' लगाउने समेत गर्दछन् । कानुनले पुर्न विवाहलाई स्वीकारेको छ तर समाजले भने गलत दृष्टिले मात्र हेर्छ (देवकोटा, २०६१) ।

एकल महिलाहरुमा पनि श्रीमान् गुमाएकी एकल महिलाहरूको हैसियत सबैभन्दा तल्लो दर्जामा रहेको पाइन्छ । उनीहरूले विभिन्न सामाजिक, सांस्कृतिक आर्थिक तथा मनोवैज्ञानिक समस्याहरू भोगिरहेका छन् । उनीहरूको सशक्तिकरण हुन सकेको छैन । एकल महिला सशक्तिकरणका विभिन्न प्रयासहरू भने भइरहेका पाइन्छन् । तर सो प्रयासले सही तरिकाले एकल महिलाहरुको लागी समाजिक स्वस्थ वातावरण निर्माण गर्न सकिरहेको छैन । उनीहरुको नाममा थुप्रै कार्यक्रमहरु ल्याइए पनि कार्यक्रम सही तरिकाले योजना कार्यान्वयन नभएको अवस्था समाजमा छरपष्ट रुपमा देखा परिरहेको छ र यस्तै कारणहरुले एकल महिलाहरूले विभिन्न चुनौतिको सामना पनि गर्नुपरेको अवस्था छ । तसर्थ यो अध्ययन एकल महिलामा पनि श्रीमान् गुमाएकी एकल महिलाहरुको समाजिक अवस्था तथा उनीहरुको जिविकोपार्जनका समस्या तिर केन्द्रित रहेको छ ।

## १.२ समस्याको कथन

नेपाली समाजमा महिलाको असमानतालाई सामाजीक तथा आर्थिक परम्पराले बढावा दिईरहेको छ । अन्धविश्वास तथा परम्परागत सामन्ती संस्कृतीले आजको अवस्था सम्म पनि महिलाको एकल स्वतन्त्रता पहिचान बनेको छैन । महिलाहरुमा क्षमता विकास गरि सम्मानपुर्ण बाँच्ने वातावरण सृजना हुन सकिरहेको अवस्था छैन । राजनितिक दलका नेता र ठुला बडाहरुले भाषण गरे अनुसारको कुरा अभ्यासमा अझ पनि आईरहेको छैन । सभा र गोष्ठी समानता र अधिकारका कुराहरु गरी घर पुगे पछि तिनै व्यक्तीहरुले नै महिलाहरुलाई भेदभाव र दवावको शिकार बनाउछन् । महिलाहरुको व्यक्तित्व, योग्यता र क्षमताको कदर गरिदैन । महिलाहरुको हक अधिकार र समान व्यवहार सम्बन्धि अनेक अन्तराष्ट्रिय सरकारी पक्षबाट कार्यक्रम हुंदापनि कार्यान्वयन हुंदा झनै समस्या देखिएको छ ।

महिलाहरुमा पनि श्रीमान् गुमाएकी एकल महिलाको अवस्था नेपाली समाजमा एकदमै असहज तथा जटिल रहेको विभिन्न अध्ययनले देखाएको पाईन्छ । श्रीमान् गुमाएकी महिलालाई एकल भनेर बोलाउने चलन महिला हिंसालाई बढावा दिने माध्यम हो । श्रीमान्को मृर्त्युकै कारण एउटी महिलाले समाजमा मात्रै नभएर आफ्नै घरमा पनि अपहेलित हुनुपर्ने, हाँसीखुसी जीवन बिताउनबाट बञ्चित हुनुपर्ने र तिरस्कृत हुनुपर्ने वाध्यात्मक अवस्था २१ औं शताव्दीमा पनि हाम्रो समाजमा अझै पनि विद्यमान छ । उसले आफ्नो जिवन जिउनको लागि पनि आफ्ना इच्छा, चाहाना तथा जीवनका छनोटमा प्रतिवन्धलाई भोग्नु पर्दछ । जीवनका छनोटलाई साँघुरो पार्नुपर्छ । यही एकल प्रथाका कारण नै एउटी महिलासँग मानव अधिकारको हनन भईरहेको छ । आजको समय भनेको हरेक विषयलाई आलोचनात्मक तरिकाबाट अध्ययन अनुसन्धान गरी सत्यतथ्य पत्ता लगाउने समय हो । नराम्रा कुरीतिलाई हटाउने समय हो । आज मानवअधिकारवादी, नारीवादी तथा विद्धान र विभिन्न दार्शनिकहरूले विधवा प्रथाको चर्को

नारा उठाउँदै गरेको परिप्रेक्ष्यमा एउटी एकल महिलालाई उसको श्रीमान्‌को मृत्यु भनेको जीवनको अन्त्य त होइन भन्ने सन्देश दिनका साथै एकल महिलाहरूप्रति गरिने यस्ता विभेदयुक्त कुरितिहरूलाई त्याग्दै विश्व परिवेश अनुसार सामाजिक संस्कारहरूलाई परिमार्जित गर्दै सामाजिक रुपान्तरण गर्नको लागि हाम्रो घर परिवार, समाज र राज्यले उनीहरूलाई हेर्ने दृष्टिकोण कस्तो छ, एकल महिलाहरूले पनि समाजमा आवश्यक योगदान दिन सक्छन् सक्दैनन् सधै उनीहरू पतिको मृत्यु हुने वित्तिकै कसैको पराधिन वा समाजको रुपमा मात्र बाँच्नु पर्दछ ? समय सापेक्ष अनुसार उनीहरुमा परिवर्तनहरू ( सामाजिक तथा आर्थिक रुपमा) देखिएका छन् कि छैनन् ? उनीहरू नेतृत्वदायी भूमिकामा पुगेका छन् कि छैनन ? र भविष्यमा यिनीहरूलाई आत्मनिर्भर गराई नेतृत्वदायी भूमिकामा कसरी संलग्न गराउने र खराब संस्कार त्यागी समुन्नत जीवनको लागि अघि बढ्ने हौसला दिनुपर्छ भन्ने सन्देश दिन प्रस्तुत शोधकार्यमा यो विषयवस्तु छानिएको हो । यसरी श्रीमान् गुमाएकी एकल महिलाहरुको वारेमा अध्ययन र अनुसन्धान गरिने छ । जसले गर्दा यो विषयमा अनुसन्धानकर्ता, योजनाविदहरुलाई समेत जानकारी हुन जानेछ । त्यसैले यो अध्ययन मुख्यतः निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयत्न गरिने छ ।

(क) एकल महिलाहरुको सामाजिक र पारिवारिक सम्बन्ध कस्तो रहेको छ ?

(ख) एकल महिलाहरुको जिविकोपार्जनमा कस्तो प्रभाव परिरहेको छ ?

(ग) एकल महिलाहरुमा कस्तो सामाजिक परिवर्तन आईरहेको छ ?

### १.३ अध्ययन उद्देश्य

कुनै पनि ठाउँमा त्यहाँको सामाजिक, आर्थिक, शैक्षिक र धार्मिक तत्वहरुले महत्वपुर्ण भुमिका खेलेका हुन्छन् । कैलाली जिल्ला धनगढी उपमहानगरपालीका क्षेत्रमा पर्ने वडा नं. १३ राजपुरमा वसोवास गर्ने एकल महिलाहरुको सामाजिक, आर्थिक र शैक्षिक स्थितीलाई औल्याएर तथ्यहरुलाई प्रकाशनमा ल्याउने थप शोध कार्यको लागी उद्देश्य निम्न वमोजिम रहेको छ ।

(क) एकल महिलाहरुको सामाजिक तथा पारीवारिक अवस्थाको बारेमा विश्लेषण गर्नु ।

(ख) एकल महिलाहरुको जिविकोपार्जनका समस्या बारे अध्ययन गर्नु ।

(ग) एकल महिलाहरुमा आएको सामाजिक परिवर्तन अध्ययन गर्नु ।

### १.४ अध्ययनको महत्व

नेपाली समाजमा नेपाली महिलाहरुको अवस्था वास्तवमा दया लाग्दो छ । त्यसमा पनी श्रीमान् गुमाएकी एकल महिलाहरुको अवस्था झनै टिठ लाग्दो छ । एकल महिलाहरू प्रति सामाजिक दृष्टिकोण बदलिन सकेको छैन र उनीहरूले विभिन्न समस्याहरू भोगिरहनु परेको छ । आखिर यो कहिले सम्म ?

यस सम्बन्धमा सोंच विचार गर्नु आवश्यक देखिन्छ । हाम्रो समाजमा रहेका एकल महिलाहरूसँग सम्बन्धित विभिन्न सकारात्मक तथा नकारात्मक पक्षहरूलाई अध्ययन गर्न आवश्यक देखिन्छ । यसै सन्दर्भमा कैलाली जिल्ला धनगढी उपमहानगरपालीका क्षेत्रमा पर्ने वडा नं. १३ राजपुरमा एकल महिलाहरूले कस्तो समस्या भोगीरहेका छन् ? एकल महिला सशक्तिकरणमा उनीहरूको के कस्तो प्रयास छ र कस्तो चुनौतीको सामना गर्नुपरेको छ ? उनीहरूको सामाजिक, आर्थिक अवस्था के कस्तो रहेको छ ? एकल महिलाको मानव अधिकार तथा कानुनी प्रावधान बारे उनीहरुको बुझाई कस्तो छ ? सरकारी नीति तथा कार्यक्रमहरूले उनीहरूलाई कस्तो प्रभाव पारेको छ ? अथवा त्यस्ता कार्यक्रमहरूप्रति उनीहरूको विचार कस्तो छ ? यसै पृष्ठभूमिमा आधारीत रही अध्ययन क्षेत्रका एकल महिलाहरूको बारेमा गरिएको अध्ययनबाट निस्किएको निचोडले यस विषय अध्ययन गर्न चाहने व्यक्ति तथा संस्थाका निमित्त यो अध्ययनले महत्व राख्दछ ।

यस अध्ययनबाट एकल महिलाहरूको वर्तमान अवस्थाबारे जानकारी प्राप्त गर्न सकिन्छ । एकल महिलाप्रतिको नकारात्मक तथा परम्परागत सोंचलाई समाजमा बस्ने हरेक व्यक्तिको मस्तिष्कबाट हटाई उनीहरुलाई पनि समाजमा सामाजिक स्वस्थ वातावरण श्रृजना गर्न सकिन्छ । एकल महिलाहरूले र उनीहरूका वच्चाहरूले भोग्नुपरेका समस्याहरूको बारेमा जानकारी प्राप्त गर्न सहयोग मिल्छ र यसबाट समाजमा सुधारको अपेक्षा गर्न सकिन्छ । एकल महिलाहरूको बारेमा योजनाहरू बनाउन नीतिनिर्माताहरूलाई सहयोग मिल्छ । एकल महिलालाई आर्थिक रुपमा सशक्त बनाउन विभिन्न आयआर्जनका मौका र अवसरहरू प्रदान गर्न सकिन्छ र उनीहरूलाई आत्मनिर्भर बनाउन मद्दत मिल्छ र यस अध्ययनबाट एकल महिलाहरूप्रति सकारात्मक सोंच ल्याउन सकिन्छ र त्यस खालको पाठ्यक्रम बनाउन मद्दत मिल्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय योजना कार्यक्रमहरूमा एकल महिलाहरूको अधिकार र भूमिकालाई एकिकृत गर्न मद्दत मिल्छ । सरकारी नीति तथा कार्यक्रमप्रति सजग रहन, आत्मनिर्णय गर्न तथा एकल महिला सशक्तिकरणका विभिन्न प्रयासहरूमा थप उर्जा मिल्छ ।

## १.५ अध्ययनको सांगठनीक स्वरुप

यस अध्ययनलाई छ भागमा विभाजन गरी तयार गरीएको छ । पहिलो अध्यायमा यस अध्ययनको परिचय प्रस्तुत गरीएको छ । यस अन्तरगत परिचय, समस्याको कथन, उद्देश्य, अनुसन्धानको औचित्य, महत्व र संगठन रहेको छ । त्यसैगरी दोस्रो अध्यायमा सन्दर्भ साहित्यको पुनरावलोकन समावेश गरिएको छ । अध्याय तीनमा अनुसन्धान विधि, अध्ययन क्षेत्र, अनुसन्धान ढाँचा, तथ्यांकको प्रकृती र अध्ययनको सीमालाई प्रस्तुत गरीएको छ । त्यस्तै अध्याय चारमा अध्ययन क्षेत्र कैलाली जिल्लाको परिचय र धनगढी उपमहानगरपालिकाको परिचय, शिक्षा, स्वास्थ्य, वातावरण आदिको सामान्य जानकारी दिईएको छ । अध्याय पाँचमा एकल एकल महिलाहरुको सामाजिक अवस्था अनुसार उनीहरुको शैक्षिक स्थिती, उनीहरुको नाममा भएको सम्पत्ती, दैनिक कार्य समय, पारिवारिक सम्बन्ध, पेशा, आम्दानीको स्रोत र उनीहरुमा आएको परिवर्तनको बारेमा विश्लेषण गरिएको छ । साथै एकल एकल महिलाहरुमा

परिवर्तन, उनीहरुको संस्कार, भेषभुषा, संस्कृती, समाजले हेर्ने दृष्टिकोण र उनीहरुको आर्थिक अवस्था सम्बन्धी विवरण प्रस्तुत गरीएको छ । अन्तिम अध्याय छ मा यस अध्ययनको सारांश, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

## अध्याय-दुई
## साहित्यको समीक्षा

### २.१ सामान्य समीक्षा

आधुनिकता सँगै विश्वमा महिलाको हक अधिकार सम्वन्धी हरेक पक्षहरुको बारेमा कुराहरु उठीरहेका छन् । पश्चिमी मुलुकहरुमा महिलाहरु धेरै नै स्वतन्त्र छन् । उनीहरु विकासका हरेक पक्षमा सहभागी भएका छन् । तर त्यसका तुलनामा एशियाली महिलाहरु धेरै पछि रहेको पाईन्छ । त्यसमा पनि धेरै जसो दक्षिण एशियाली महिलाहरु पर्दछन् । अझ त्यसमा पनि नेपाली महिलाहरु र नेपाली महिलाहरुमा पनि एकल महिलाहरु अति नै पछाडी रहेको पाईन्छ । नेपाली समाजलाई यहांको परम्परागत सोंच र संस्कृती, अन्धविश्वास, रुढिवादी मान्यताले गर्दा नेपाली महिलाहरु झनै पिडीत रहेको देखिन्छ । यस्ता कुराहरुलाई ध्यानमा राख्दै महिलाहरुको हक हितको लागी केही महिला अधिकार कर्मीहरुबाट र केही संस्थागत रुपमा विभिन्न क्षेत्रवाट पहल भएका छन् र भईरहेका छन् । एकल महिलाहरु लक्षित विभिन्न प्रकार कार्यक्रमहरुले गर्दा एकल महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा विस्तारै परिवर्तन आईरहेको छ । परिवर्तन समय, अवस्था, विकाससँगै आउछ । यसका लागी विभिन्न किसिमका आयामहरुको समुचित विकासको पनि उत्तिकै आवश्यकता पर्दछ ।

विशेष गरेर विकासोन्मुख देशका गरिव जनताहरुको जिवनशैली पुर्णतया प्राकृतिक स्रोतमा निर्भर रहेको हुन्छ । उनीहरु प्राकृतिक स्रोतको प्रयोग गरेर जिवननिर्वाह गरिरहेका हुन्छन् । उनीहरुसँग प्राकृतिक स्रोतको प्रयोग गर्नु बाहेक अरु कुनै विकल्प हुंदैन । आफु सँग सिपको अभाव, शिक्षाको कमी, मानसिक चेतनाको अभाव, परम्परागत संरचना तथा सरकारको निति तथा कार्यक्रममा नपर्नु र सहभागी नहुनु जस्ता कारणले गर्दा उनीहरुको जिवनशैली निकै नै प्रभावित भएको छ । त्यसैले नेपालको सन्दर्भमा पछाडी परेका, पारिएका जाति, वर्ग समुदायको जिवनशैली सुधारको लागी क्षमतामा आधारित विकास पद्धति, विकासोन्मुख जिविकोपार्जनका रणनिति अपनाउनु पर्ने देखिन्छ (Lienert and Burger, २०१५)।

क्षमतामा आधारीत विकास पद्धति नेपाल लगायत अन्य विकासोन्मुख देशका लागी अति नै सान्दर्भीक रहेको छ । यस पद्धतिबाट पछाडी परेको पारीएका सबै वर्ग, जाती, समुदायलाई समावेश गरि उनीहरुको क्षमता पहिचान गरि निति कार्यक्रम योजना तर्जुमा गरिन्छ । यो पद्धति समाजको सुक्ष्म अध्ययन अनुसन्धानबाट समाजका अति विपन्न तथा आर्थिक तवरले कमजोर, सिप विहिनको पहिचान गरि कार्यक्रमको योजना तर्जुमा गरिन्छ जसले गर्दा प्राप्त नतिजा दिगो तथा कार्यक्रममा समावेश भएका वर्ग र समुदायको जिवनशैलीमा सुधार ल्याउँदछ (Alkire, २००८)।

विकास र परिवर्तनको लागी सामुदायिक सहभागीता, स्थानिय निकाय र नागरिक समाज बिच सहकार्य, सामुहिक कार्यकलाप र समन्वय जस्ता पक्षहरुको आवश्यकता पर्दछ । विकासले समाजको धेरै अवस्थालाई परिवर्तन गर्दछ र परिवर्तनको लागी शिक्षा, राजनिति, सिप जस्ता मानवीय पक्षहरुको विकास

गर्न जरुरी हुन्छ । साथै परिवर्तनको लागी सामाजिक न्याय, समाजमा समानता र समताको विकास हुनु नितान्त आवश्यक पर्दछ (Veron, २००१) ।

विकास भनेको मानिसहरुले खुशीका साथ रमाउने वास्तविक स्वतन्त्रतालाई विस्तार गर्ने एउटा प्रक्रिया हो । मानव विकासको लागी मानवका स्वतन्त्रताहरुलाई समाजका विभिन्न पक्षहरुसँग जोडेर विस्तार गरिनुपर्छ । विकासले समाजमा रहेका गरिवी, कुरिती, अन्धविश्वास, तानाशाही, एकाधिकार जस्ता पक्षहरुलाई निरुत्साहीत गर्दछ । यस्ता कुराहरु समाजबाट हटाउन सकियो भने समाज आफै विकासको गति समात्दछ र समाज परिर्वतन हुन्छ । अतः विकास र परिवर्तन भनेको समाजको आवश्यकता अनुसार स्वतन्त्रतालाई विस्तार गर्ने प्रक्रिया हो (Sen, १९९९) ।

विकास एउटा सम्बन्धात्मक अवधारणा हो । कुनै पनि जाती, वर्ग, समुदाय, समाज र राष्ट्रको विकासको लागी तीन वटा पक्ष आर्थिक, सामाजिक र सांस्कृतिक पक्षको विकास गर्न जरुरी हुन्छ । यी तीन वटा पक्ष एक आपसमा अन्तरसम्बन्धित हुन्छन् । आर्थिक विकासले समाज र संस्कृति परिवर्तनमा बढावा दिन मद्दत गर्दछ । सामाजिक विकासले पहिचान, समान वितरण, समान सहभागीता जस्ता पक्षलाई बढी जोड दिन्छ र सांस्कृतिक विकासले पुरातन कुरीतीहरुलाई घटाउदै असमानताको खाडललाई पुर्दै एउटा नयाँ पहिचान बनाउन ठुलो भुमिका खेल्दछ (Portes, १९७३) ।

सामाजिक परिवर्तन विश्वव्यापीकरणसँग घनिष्ठ रुपले अन्तरसम्बन्धित रहेको हुन्छ । साधारणतया विश्वव्यापीकरण परिवर्तनको एउटा प्रक्रिया हो जसले विश्वको हरेक पक्ष जस्तैः आर्थिक, प्राविधिक, राजनितिक, सञ्चार माध्यम, संस्कृति र वातावरणलाई प्रभावित गरिरहेको हुन्छ । विश्वव्यापीकरण मानव सभ्यताको एउटा अवधि हो जसले मानवीय पक्षका हरेक पक्षहरुलाई प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । त्यसैले विश्वव्यापीकरण सामाजिक परिवर्तनको एउटा प्रक्रिया हो जसले विस्तारै समाजलाई आधुनिकता तर्फ आकर्षित गर्दछ । यसले गर्दा मौलिकपन हराँउछ तर समाजमा रहेका केही कुरिति र अन्धविश्वासलाई हटाउन ठुलो सघाउ गर्दछ (Castles, २००१) ।

महिला विकास अवधारणाले आधुनिकताको मान्यतालाई सुक्ष्म रुपमा अध्ययन गरि यसले महिला र पुरुष दुवैलाई फाईदा गर्दछ । यस अवधारणाले महिलाका हरेक पक्षः सामाजिक, आर्थिक, पारिवारिक, सांस्कृति र राजनैतिक अवस्थामा सुधारको लागी मुख्य सघाउ पुर्याउदछ । यो अवधारणा आफैमा समाज कल्याण, आर्थिक बृद्धि तथा जिवनशैली सुधारमा केन्द्रित रहेको हुन्छ । यो पद्धतिले महिलाको सर्वागिङ्गण विकासमा केन्द्रित रहेको हुन्छ । महिलाको आर्थिक तथा मनोवैज्ञानिक पक्षमा सुधार ल्याई महिलाहरुको जिवनशैलीमा प्रर्याप्त सुधार ल्याउन यो पद्धतिले निकै नै सघाउ पुर्याउँदछ त्यसैले नेपालको महिला विकास सन्दर्भमा यो पद्धति निकै नै मेल खाने तथा नतिजा उन्मुख देखिन्छ (Boserup, १९७०)।

सर्वप्रथम १९४५ मा संयुक्त राष्ट्रसंघको प्रस्तावमा समाविष्ट गरिएको सन् १९४६ मा आर्थिक तथा सामाजिक परिषद् अन्तगरगत महिला आयोग गठन गरियो । उनीहरुको आर्थिक, राजनैतिक,

सामाजिक, सांस्कृतिक एवं शैक्षिक स्थितिमा सुधार ल्याउन विभिन्न कार्यक्रमहरु संचालन भए । त्यसै गरी संयुक्त राष्ट्रसंघको १९५४ को साधारण सभाले महिला प्रति हुने कानुनी परम्परा एवं व्यवहारिकताको अध्ययन गर्ने सबै सदस्य राष्ट्रहरुलाई आव्हान गरेको थियो तापनि महिलाहरु माथि हुने भेदभाव निर्मुल हुन नसकेकोले सन् १९६३ मा महिला प्रति हुने भेदभाव अन्त्य गर्ने घोषणा नै गरियो ( जनसंख्या तथा वातावरण मन्त्रालय, १९९६) ।

महिलाहरुको बारेमा संयुक्त राष्ट्रसंघले पनि खुलेर कुरा गरिरहेको छ र हरेक तवरबाट महिलाहरुको लागी भेदभाव रहित समाजको सृजना गरि उनीहरुलाई अगाडी बढ्न प्रोत्साहन गर्नुपर्ने कुरालाई जोड दिईरहेको छ । संयुक्त राष्ट्रसंघले आफ्नो सबै सदस्य राष्ट्रहरुलाई महिलाहरुको लागी सहज र महिला मैत्री समाज वनाउन समेत आव्हान गरिसकेको छ ।

नेपाली समाज हिन्दु धर्मबाट प्रभावित भएकोले अन्य जनजातीमा पनि हिन्दु धर्मको प्रभावको कारण महिलाको स्थान कमजोर देखिन्छ । तापनि कट्टर हिन्दु समाज (व्राह्मण, क्षेत्री) भन्दा हिन्दु प्रभाव परेको मंगोलियन समाजमा पनि महिला पुरुष वीचको लैङ्गिक विभेदमा देखिन्छ । यसको मुल कारण सामाजिक रुपमा महिला र पुरुषलाई हर्ने दृष्टिकोणमानै लचकता हुनु हो । यस्ता समुदायमा छोरी र बुहारीलाई हेर्ने दृष्टिकोण तुलनात्मक रुपमा समान खालको छ । यद्यपी पुरुषहरुको प्रभुत्व छैन भन्न सकिदैन (आचार्य, २०५८) ।

पुरुष र महिला जस्तो नितान्त जैविकिय भिन्नतालाई सामाजिक मान्यताको आधारमा हेर्नु जैविकिय तर्कमा असान्दर्भिक हुन जान्छ । युरोप तथा अमेरिका जस्ता देशमा रहेका महिलाको अवस्था नेपाली महिलाको तुलनामा धेरै नै राम्रो देखिन्छ । मानिसहरु लैङ्गिक आधारमा भन्दा व्यक्तिमा भएको ज्ञान र दक्षताको आधारमा निर्देशित भएका हुन्छन् । व्यक्तिमा रहेको गुण, क्षमता नै उसको पहिचान हो, भने लिङ्गले समय र परिस्थिति अनुसार फरक फरक महत्व राखेको हुन्छ । तर पनि नेपाली समाजमा छोरा र छोरीको जन्मलाई बराबर आधारमा हेरेको पाईदैन । मानव सभ्यताको विकास क्रममा रहेको नारीको केन्द्रीय भुमिकाको परिणाम स्वरुप प्राचीन समाजमा नारीको भुमिका र स्थान उच्च देखिन्छ । वैदिककालमा नरनारी विच कुनै भिन्नता थिएन यद्यपी ऋगवैदिककाल पछिको युगमा नारीहरुको स्थान समाजबाट विस्तार विस्तारै खस्किदै गयो (बराल, २०५०: ३८) ।

बौद्धिक कालमा विधवा महिलाहरूको स्थिति अन्य काल भन्दा केही सुधार देखिन्छ जहाँ कि त्यो समयमा एकल महिलाहरूले आफ्नो श्रीमान्को मृत्यु पश्चात पनि विवाह गर्न पाउने र तिनीहरूले अन्य कालको भन्दा केही मनोरञ्जन गर्न पाउने अवस्था देखिन्छ । त्यस्तै मनस्मृतिको अनुसार एकल महिलाको स्थिति अलि कमजोर खालको देखिन्छ किनकी उनको अनुसार महिलाहरू आफ्ना श्रीमान्को मृत्यु पश्चात् अति कष्टकर जीवन गुजार्नुपर्ने स्थिति छ, उनीहरूले श्रीमान्को मृत्यु पश्चात् मरेका श्रीमान्को मोक्ष प्राप्तिको निम्ति गर्नुपर्ने सम्पूर्ण कार्य गर्नुपर्दछ र परपुरुषसँग विवाह गर्न नहुने धारणा पाइन्छ । र उत्तर

बौद्धिक कालमा एक महिला एक पुरुष भन्ने मान्यता पाइन्छ । जसमा कुनैपनि महिलाको श्रीमान् मरेपछि उसले दोस्रो पुरुषसँग विवाह गर्न नहुने श्रीमान्ले दिएको रातो टीका, चुरा, पोते लगाउन नहुने, सधैभरी सेतो पोशाकमा हुनुपर्ने धारणा व्यक्त गरिएको पाइन्छ । बौद्ध धर्म अनुसार खासै लैङ्गिक विभेद भएको पाइदैन र कुनै पनि सती प्रथाको व्यवस्था भएको देखिदैन जवकि महिलाहरू श्रीमान् मृत्यु पश्चात मरेको श्रीमान् सँगै जिउँदै जल्नुपर्ने अवस्था छैन । विधवाको लागि कुनै पनि संस्कार, वाधा व्यवधानहरू रहेको पाइदैन बौद्ध धर्मावलम्बी समाजमा । जुनसुकै विधवाले पनि यदि तिनीहरूले चाहे भने विवाह गर्न सक्दछन् (सिंह र श्रेष्ठ, २००६) ।

बौद्ध धर्म अनुसार खासै लैङ्गिक विभेद भएको पाइदैन र कुनै पनि सती प्रथाको व्यवस्था भएको देखिदैन जवकि महिलाहरू श्रीमान् मृत्यु पश्चात मरेको श्रीमान् सँगै जिउँदै जल्नुपर्ने अवस्था छैन । विधवाको लागि कुनै पनि संस्कार, वाधा व्यवधानहरू रहेको पाइदैन बौद्ध धर्मावलम्बी समाजमा । जुनसुकै विधवाले पनि यदि तिनीहरूले चाहे भने विवाह गर्न सक्दछन् (सिंह र श्रेष्ठ २००६) ।

लैङ्गिक अध्ययन सामाजिक विज्ञानमा देखापरेको एउटा नयाँ विषय हो हुनतः प्राचीन समयमा पनि जेन्डरको अवधारणा नभएको होइन मात्र अदृष्य रुपमा रहेको  थियो यद्यपि जेन्डरलाई लिङ्ग समरुपतासँग पनि लिइएको पाइन्छ । वास्तवमा लिंगले नैतिक शारीरिक संरचनालाई झल्काउँछ भने जेन्डरले महिला र पुरुषको सामाजिक साँस्कृतिक अभ्यासलाई प्रतिनिधित्व गर्दछ । कुनै पनि समाजमा महिला र पुरुषद्वारा अपेक्षा गरिएको व्यवहार एवं गुणहरुको भूमिकाहरूको समूहलाई जेन्डर भनिन्छ । यसप्रकार जेन्डरले न त पुरुष न त महिला मात्रलाई संकेत गर्दछ बरु यसले महिला र पुरुष दुवैको समाजमा खेलिएको भूमिका वा व्यावहारलाई प्रतिनिधित्व गर्दछ जसको निर्धारण सोही समाजको सामाजिक अभ्यासले गर्दछ ( चौलागाँई, २०६०) ।

यसरी जेन्डरले महिला र पुरुषको सामाजिक साँस्कृतिक भूमिकालाई प्रस्ट्याँउछ भने महिला र पुरुषबीचको समान एवं असमान कार्यका सम्वन्धमा लैंगिक अध्ययनले चासो लिएको हुन्छ । यसको अतिरिक्त समाजमा विद्यमान विभिन्न असमानताहरू के कति कारणले सिर्जना गरिएका छन् र कसरी यसको समाधान  गर्न सकिन्छ साथै विभिन्न नीति नियम एवं चेतनशील कार्यक्रमको आवश्यकता तथा निर्माणमा समेत लैंगिक अध्ययन गरिन्छ । लैगिक अध्ययन हुनुपूर्व महिलालाई पुरुषको सहयोगीको रुपमा मात्र हेरिन्थ्यो महिलाको भूमिकालाई खासै महत्व दिइदैनथ्यो । यस अध्ययनले सामाजिक साँस्कृतिक परिवेशमा महिला र पुरुष जो निम्न स्थानमा रहेका देखिएको वा देखाइएको छ उसलाई समानता तर्फ लम्कन मुखरित गर्दछ । वर्तमान हाम्रो सामाजिक परिवेश पितृसत्तात्मक छ जहाँ पुरुषको वोलवाला  र हैकमवाद चल्छ त्यहाँ महिलालाई हेर्ने आँखा(दृष्टिकोण) दोषी छन् । त्यसैले दोषी आँखालाई औषधीमूलो गरी न्यायसंगत दृष्टिले महिला र पुरुषलाई समान महत्व र योगदानलाई खुल्ला हृदयले आत्मानुरुप गराउनु लैंगिक अध्ययनको मूल उद्देश्य हो (पोखरेल, २०६०) ।

इतिहासलाई हेर्ने हो भने अठारौँ शताब्दीमा वेलायतमा थालिएको सुधार र पुर्नजागरणको प्रभाव पछि महिलालाई हेर्ने दृष्टिकोणमा भने केही परिवर्तन भएको पाइन्छ । त्यसैगरी ६० को दशकमा भएको महिला आन्दोलन देखि नै लैंगिक अध्ययनको आरम्भ भएको हो । तर पनि महिला सम्वन्धी खासै पुस्तक लेख रचनाहरु भने प्रकाशित भएका थिएनन् । तत् पश्चात् सन् १९४९ मा फ्रान्सिस लेखिका "Simon" को "The Second Sex" नामक पुस्तक प्रकाशित भयो । जसमा नारीत्व सम्वन्धी पुराना चिन्तनका विरूद्ध वर्णन गरिएको पाइन्छ । वास्तवमा यस पुस्तकलाई नै महिलाका विषयमा लिखित प्रथम Academic book मान्न सकिन्छ । सन् १९६३ मा "Betty Frieden" को "The Feminine Mystique" प्रकाशित भयो जसमा तात्कालिक समाजमा व्याप्त रहेको महिला अधीनतालाई राम्रो सँग चित्रण गरिएको थियो जसले नवीन हलचल नै मच्चियो साथै उक्त पुस्तकले महिलावादी आन्दोलनको महत्वपूर्ण जग बन्न पुग्यो । त्यसले गर्दा घरभित्र गुम्सिएर रहेका महिलाहरूलाई घरबाहिर आएर आफ्नो अधिकारको लागि लढ्नको लागि प्रोत्साहन समेत गर्यो जसको सन्दर्भमा विभिन्न किसिमका महिलावादी सिद्धान्तहको विकास भयो (पोखरेल, २०६०) ।

मार्क्सवादी महिलावादको अध्ययन र चर्चाको आरम्भ कार्लमाक्स र फ्रेडरिक एंगेल्सको कृति (Origin of the Family Private Property and the State, 1884) बाट भएको मानिन्छ । महिला मुक्तिका लागि मार्क्सवादी महिलाबादले तार्किक आधारहरू अघि सारेको छ। मार्क्सवादीहरूले महिला र पुरुष वीच सिर्जित जति पनि असमानता विभेद छन् । जुन जैविकीय कारण र ईश्वरीय कारणले भएको नभई समाजको आर्थिक सम्बन्धका उपज भएको बताउँछन् । यसमा Wilson Jagger Skikid Walfy जस्ता विद्धानहरूको योगदान उल्लेखनीय रहेको छ। यिनीहरूका अनुसार उत्पादन प्रणालीको विकास तथा समाजमा सम्पत्ति माथिको व्यक्तिगत स्वामित्ववको कारणले सदियौ देखि समाजमा लैगिक विभेदहरू सृजना भएका हुन् । महिलाहरू पुरुष सरह सबै काम गर्न सक्छन् तर महिला र पुरुषका वीच रहेको असमान शक्ति सम्बन्धका कारण स्रोतमाथि पुरुषको नियन्त्रणले व्यापकता पाउदै गरेको र यो क्रम पूँजीवादी अर्थव्यवस्था सम्म आइपुग्दा अरु बढी व्यापक बन्दै गयो । समाजको बर्गीय चरित्र नै महिला विभेदको मूल कारक तफ्व हो भन्ने निष्कर्ष मार्क्सवादी महिलाबादको रहेको छ (रिटजर, १९९२) ।

माक्सवादी महिलावाद महिलावादी सिद्धान्त त्यस्तो सिद्धान्त हो जसले पूँजीवादी दासताबाट महिलालाई मुक्ति तथा स्वतन्त्रता दिलाउने विधि तथा मार्गको व्याख्या माथि ध्यान केन्द्रित गर्दछ। पूँजीवादले महिलाहरूलाई भोग विलासिता वस्तुका रूपमा रूपान्तरण गरेको छ। जुन वस्तुका रूपमा खरिद विक्री र व्यापार गरिने महिलाको अस्मिता र जीवनलाई मुक्तिको बाटो देखाउने सिद्धान्तका रूपमा स्थापित छ ।

मार्क्सवादी महिलाबादले पूँजीवादलाई आर्थिक असमानता, चरम आर्थिक निर्भरतालाई जन्म दिने उनीहरूलाई राजनैतिक चेतना र अधिकारबाट बन्चित र विभुख गराउने र अन्त्यमा महिला र पुरुष वीचमा अस्वस्थ र घिनलाग्दो सामाजिक सम्बन्धको सिर्जना गर्ने व्यवस्थाको रूपमा चित्रण गर्दछ। यस

अनुसार पूँजीवादी व्यवस्था नै महिला माथिको दमन र उत्पीडन र महिलामाथि पुरुषको बर्चस्वको प्रमुख जरो हो । केही विद्धानहरू माक्सवादी महिलाहरूको आलोचना गर्दै बढी आर्थिक पक्षलाई उजागर गरेपनि सामाजिक सांस्कृतिक पक्षलाई उजागर गर्न नसकेको आरोप लगाउछन् । समाजमा व्यक्तिगत सम्पत्तिको अन्त्य नगरी लैगिक विभेदलाई फरक नपार्ने भएकोले सामाजिक तौरतारिकाबाट विभेदको जरो खोज्नु पर्ने धारणा छ (रिटजर, १९९२) ।

## २.२ पुर्व अध्ययनको समिक्षा

प्राचीनकालदेखि नै कुरीतिहरूले जरा गाडेको हाम्रो समाजमा एकल महिलाहरूलाई मंगल कार्य, शुभकार्यमा अशुभ ठान्ने र उनीहरूलाई सांस्कृतिक कार्यमा समेत पन्छाउने गरिएको पाइन्छ । एकल महिलाहरूले आफ्नो सिन्दुर, पोते, चुरा लगायत सौभाग्यको प्रतिक रातो रंगलाई त्याग्नुपर्ने प्रचलन प्राचीन समयदेखि रहँदै आएको छ । श्रीमान् हुँदा महिलालाई घरको लक्ष्मी भनी केही भए पनि सम्मानजनक स्थान दिन्इछ भने श्रीमानको मृत्यु पछि अलच्छिनी, पोइ टोकुवा भनी अपमानित गरिन्छ र विभिन्न शुभकार्य जस्तो विवाह, पुजाआजा, विभिन्न पर्वहरूमा एकल महिलालाई उचित स्थान दिइँदैन वा बञ्चित गर्न खोजिन्छ । कानुनले एकल महिलालाई वैधता प्रदान गरे तापनि समाजले यसलाई सहज रुपमा स्वीकारेको छैन । श्रीमती मरेको विदुरले विवाह गरेमा त्यसलाई सरल रुपमा लिइन्छ तर एकल महिलाले विवाह गरेमा अपराधमा गनिन्छ । रातो लगाउन नहुने, सिन्दुर पोते फाल्नुपर्ने नाकमा फूली लगाउन नहुने, माछा मासु पेय पदार्थ खान नहुने, साइत वा चाडबाडमा अगाडी आउन नहुने, परपुरुष सँग बोल्न नहुने आदि धेरै नियमहरू राखिएका छन् । अझ नेपालको पश्चिमी भेगमा श्रीमान मरेपछि धेरै नजिकको ‘छाउपडी’ जहाँ जनावरहरू राख्ने गोठसँगै सानो कोठा बनाईएको हुन्छ । त्यहाँ सुत्नुपर्दछ किनकि मूल घरमा देउता राखिएकोले राती त्यहाँ सुत्न दिइँदैन तर दिनभरी गएर काम गर्न पाइन्छ । सोही छाउपडीमा सुत्दा राति जनावरले मारेको र परपुरुषसँग लागेको भन्ने दोष लागेर घरनिकाला हुनुपरेका कैयौं सत्य घटनाहरू घटिरहेका छन् । श्रीमानको मृत्युपछि माछा मासु खान नहुने र महिनामा एकादिन जस्तो मृत श्रीमानको नाममा ब्रत बस्नुपर्ने र कतिपय ठाउँहरूमा सूर्य अस्ताएपछि खान नहुने र अरुले छोएको पनि खानु हुँदैन । यस्तै नियमहरूले गर्दा पनि एकल महिलाहरूको स्वास्थ्य स्थिति धेरै नराम्रो र कमजोर पाइएको छ । हिन्दू धार्मिक ग्रन्थहरूमा एकल महिला शुभ साईत वा चाडबाडमा अगाडी परे काम बिग्रन जाने संभावना भएकोले आफ्नै सन्तानको विवाह वा अन्य शुभ कार्यमा अगाडी नआउनु उत्तम मानिन्छ भनेर लेखिएको छ (शर्मा, २०६६) ।

एम. ए. अर्थशास्त्रको शोधपत्र Impact of production on rural woman development (PCRW) in chapagaun VDC 1996 मा शोधकर्ताले यो कुरा उल्लेख गरेकी छिन् कि त्यस गा.वि.स. का महिलाहरु अनुसन्धानको क्रममा जो सहभागी भए सबै नै कृषि र मजदुर पेशामा व्यस्त थिए । उत्तरदाताहरुको अपर्याप्त आय स्रोतको भरमा घर संचालन गर्नुपर्थ्यो । ती सबै IOCRQW मा सहभागी विवाहित थिए । २० प्रतिशत सगोल परिवारमा बस्थे, केवल १२ प्रतिशत मात्र शिक्षित थिए ।

उनले PCRW कार्यक्रममा सहभागी हुनुपुर्व भन्दा भए पछि तुलनात्मक रुपमा महिलाहरुको अवस्थामा परिवर्तन आएको कुरा उल्लेख गरेकी छिन्, PCRW ले दिगो रुपमा आर्थिक परिवर्तन श्रृजना गर्न सक्षम भएको छ । महिलाहरुको सामाजिक स्तरमा वढावा, चेतनामा बृद्धि, भविष्य सुधार कार्यक्रम प्रति प्रतिबद्धता कार्यक्रम प्रति सकारात्मक धारणा रहेको छ । सामाजिक स्तर कार्यक्रम अवधीभर साहसी र दृढ महिलाको रुपमा उभ्याएको छ । तिनीहरुका परिवारका सदस्यहरुले तिनीहरुको नयां आयआर्जन कार्यक्रम पुर्ण रुपमा सहयोग गरेका छन् । कार्यक्रमका सहभागीहरुले आफ्नो धरणा यसरी व्यक्त गर्दछन् । PCRW कार्यक्रम विस्तार गरेर उनीहरुको सहयोगको लागी त्यस क्षेत्रमा उद्योग स्थापना गरेदेखि त्यहांका महिला सजिलैसंगै रोजगारीमा संलग्न हुन्थे र आर्थिक अवस्था सुधार हुन्थ्यो (खनाल, १९९६) ।

विवाहलाई समाजले एउटा प्रमुख सम्मानित तथा समाजको पूरकको रुपमा लिइरहेको पाइन्छ । विवाह महिला र पुरुषमा गाँसिने सम्वन्धको प्रत्यक्ष प्रमाण पनि हो । विवाहले नै महिला र पुरुष बीच धेरै ढोका खोलिदिएको हुन्छ । तर जब कुनैपनि महिलाको विवाह गरेको श्रीमान्को मृत्यु हुन्छ अनि ती महिलाको विवाहपछि प्राप्त गरेका कतिपय चिजहरु गुमाउनुपर्छ । लगाउने खाने मात्र नभई एउटा पुरुषसँगको सम्वन्ध नै छुट्न जान्छ । एकल महिलाहरू पनि श्रीमान्को मृत्यपछि एक्लिएका हुन्छन् । तर पुरुषसँगको सहयात्रामा बाँच्ने र धेरै जसो पुरुषमा नै निर्भर हुने भएकाले पुरुषको कमी पुरुषले नै पूरा गर्न सक्छ भन्ने सोच रहेको हुन्छ । र सो कमी पूरा गर्न पुनः विवाह गर्ने गर्दछन् । तर कुनै पनि समाजमा श्रीमानको मृत्यु भएको महिला भन्दा श्रीमतीको मृत्यु भएका पुरुषले चाँडै विवाह गर्ने गरेको पाइन्छ (थापा, २०६२) ।

नेपाली समाजमा विवाह हुनुभन्दा पहिले एक महिला आमाबुवाको नामले चिनिन्छन, विवाह पछि श्रीमानको नामले र श्रीमानको मृत्यु पश्चात् छोराको नामबाट चिनिदै आएका महिलाहरुको आफ्नो कुनै स्व पहिचान नै रहेको पाईदैन अहिले विभिन्न राजनैतिक निकायमा महिलाहरुलाई ३३ प्रतिशत पदमा आरक्षण गराउने आवाज उठेपनि महिला सहभागिता र शसक्तिकरणका निम्ती हरबखत महिला आरक्षण केन्द्रमा सामेल भई महिलाहरु राजनितीमा उत्रन नसक्ने अनि व्यवहारीक, सैद्दान्तिक राजनितीबाट टाढा रहन सक्ने सम्भावना नहुने हुँदा विद्यमान महिलाहरुको राजनैतिक हैसियत वा स्थिती सुधार गर्नका लागी सबै राजनैतिक महिलाहरुलाई आफ्ना आवाज राष्ट्रिय राजनितीमा अगाडी बढाउन आफुले गर्नुपर्ने प्रयास र कार्य सम्पादनलाई दरिलो र आवश्यक देखिन्छ (अर्याल, २०५९) ।

एकल महिलाहरूको मानवीय अधिकारलाई संरक्षण गर्न, गरिबी तथा भेदभाव हटाउन र सबै प्रकारको सामाजिक, सांस्कृतिक, धार्मिक, कानुनी, आर्थिक तथा राजनैतिक भेदभाव हटाउनको लागि र एकल महिलाको विकासको लागि सशक्तिकरण सञ्जाल, दक्षिण एशियाली क्षेत्रमा एउटा नयाँ अवधारणाको जन्म भयो । यसमा अफगानिस्तान, बंगलादेश, भारत, नेपाल, पाकिस्तान, श्रीलङ्का र भुटानको संलग्नता रहेको छ । यस सञ्जालको स्थापनाले गर्दा यस्तै प्रकारका भेदभावमा जीवन निर्वाह

गर्न वाध्य पारिएका संसारभरीका एकल महिलालाई एकिकृत भई संगठित हुने प्रेरणा दिएको छ । एकल महिलाको विकासको लागि सशक्तिकरण सञ्जाल को मुख्य उद्देश्य भनेको नै एकल महिला (विधवा) हरूले आफ्नो हक, हितको लागि एकिकृत भएर आवाज उठाउनु र आफू नै परिवर्तनको वाहक हुनु साथै राष्ट्रिय देखि अन्तर्राष्ट्रिय स्तर सम्मका एकल महिलालाई एउटै छातामा समेट्नु रहेको छ । एकल महिलाको विकासको लागि सशक्तिकरण सञ्जाल को जन्म सन् २००५ मे महिनामा मानव अधिकारको लागि महिला, एकल महिला समूहले विश्वमै पहिलोपटक एकल महिलाहरूको क्षमता अभिबृद्धिका लागि अन्तर्राष्ट्रिय सम्मेलन नेपालमा सम्पन्न गऱ्यो (श्रेष्ठ, २०६३) ।

एकल महिला सशक्तिकरणका लागि सबैभन्दा पहिले आर्थिक अवस्थामै सुधार ल्याउनुपर्ने आवश्यकता औंल्याउँदै अधिवक्ता गीता कोइराला भन्छिन्, “आर्थिक अवस्था सुदृढ भयो भने मात्र एकल महिलाहरू अन्य क्षेत्रमा सशक्त रुपमा लाग्न सक्छन् । राजनीतिमा पहुँच बढ्न सक्छ । त्यसका लागि उनीहरूलाई उचित तालिम दिई रोजगारीका अवसरको सिर्जना गरिनुपर्दछ” (रेग्मी, २०६३) ।

एकल महिलाहरूले जनुसुकै काम गर्न पनि बाध्य भएका छन् । चितवनमा एकल महिलाहरूले पुरुषले झैं साइकल मर्मत गर्ने, वेच्ने लगायतका कामहरू गर्दा शुरुमा खिसी गर्ने चितवनवासी अहिले परिवर्तन भई खोजिखोजि एकल महिलाहरू कै पसलमा जाने गर्दछन्, जसले गर्दा एकल महिलाहरूलाई हौसला मिलेको छ साथै संघर्षशील जीवन जिउने प्रेरणा पनि मिलेको छ (पाण्डे, २०६१) ।

धर्म संस्कृतिमा एकल महिलाहरु माथि नेपाली समाजमा मात्र नभएर अन्य पितृ सत्तात्मक तथा अविकासित देशमा पनि हिसां हुने गरेको पाईन्छ । उत्तरी घानामा श्रीमानको मृत्यु हुने वित्तिकै उनको श्रीमतीलाई घर भित्र एक्लै राखेर रुखको पातले उनको व्यक्तिगत शरीरमात्र ढाकेर बाँकी नाङ्गै भएर बस्नुपर्छ र उनलाई सोही समुदायको एकजना महिलाले हातमा एक किसिमको बोट बिरुवा जसलाई “क्यालावास” भनिन्छ , सो बोकेर बाहिर ल्याईन्छ जुन एकल भएको भन्ने चिन्ह हो । दक्षिणी घानामा श्रीमानको मृत शरीरसंगै उनको काजकिरीया प्रक्रिया नगरुन्जेल सम्म मृत लाससंगै बस्नुपर्ने र मृत श्रीमानको आत्मा उनीसंगै यौन सम्वन्ध राख्दछ भन्ने विश्वास गर्दछन् । यस्तै प्रकारको परम्पराहरु जाम्विया र लिसोथो भन्ने देशमा पनि हुन्छ । कतैकतै मृत श्रीमान संगै एउटै ओढ्ने भित्र पनि बस्नुपर्ने हुन्छ । नाइजेरियामा एकल महिलालाई श्रीमानको मृत शरीर पखालेको पानी पियाउने चलन छ र आफ्नो परिवारको सम्पतिमा हक जताउन श्रीमानको दाजुभाईसंग यौन सम्बन्ध राख्न बाध्य बनाईन्छ । यस्तो परम्परालाई उनीहरु शुद्धिकरण गर्ने परम्परा भन्ने गर्दछन् । श्रीमानको मृत्युपछि कपाल खौरेर फालेमा श्रीमानको मृत्युको अपसगुन हट्छ भन्ने विश्वास राख्दछन् (उपाध्याय, २०७४) ।

एकल महिलाहरुको जीवनशैली नेपाली समाजमा एकदमै टिठ लाग्दो रहेको छ । समाजको तथा परिवारको हेपाहा व्यवहार र सीपको अभावको कारण उनीहरुको अवस्था झनै बढी दयनिय रहेको छ । उनीहरुसँग सिपको अभावका कारण उनीहरुको जिवननिर्वाहमा निकै नै समस्या आईरहेको छ र दैनिक

गुजारा गर्नको लागी कुनै होटल, लेवर तथा यौन व्यवस्यमा समेत लागेको भेटिएको छ। कतिपय एकल महिलाहरु दैनिक गुजाराका लागि बाध्य भएर खाडी मुलुक तथा छिमेकी राष्ट्रमा समेत जाने गरेको पाइएको छ (चौधरी, २०७४)।

# अध्याय-तीन
# अध्ययन विधि

यस अध्ययनलाई मूर्त रुप प्रदान गर्न विशेष गरेर स्थलगत तथा विभिन्न अनुसन्धानकर्ता तथा लेखकहरूद्धारा लेखिएका पुस्तकहरू, लेखहरू आदिलाई मुख्य आधार बनाई अनुसन्धानलाई अघि बढाइएको छ । सामाजिक विषयवस्तु भएको तथा लैङ्गिक दृष्टिकोणबाट अनुसन्धान गरिएको छ र जसको मुख्य अध्ययन क्षेत्र कैलाली जिल्ला धनगढी उपमहानगरपालीका वडा नं. १३ र यस क्षेत्रका एकल महिलाहरूको वैयक्तिक अध्ययनद्धारा प्राप्त परिणामहरूको आधारमा तुलनात्मक अध्ययन अनुसन्धान तथा विश्लेषणात्मक पद्धति समेतको सहयोगद्धारा शोधकार्यलाई मूर्त रुप दिइएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनौट

यस अध्ययनको क्षेत्र संघिय नेपालको सुदुरपश्चिम प्रदेश कैलाली जिल्ला धनगढी उपमहानगरपालिका वडा नं. १३ राजपुरलाई छनौट गरिएको छ । यस स्थानमा ब्राह्मण, क्षेत्री, दलित तथा थारुहरुको मिश्रीत बसोवास रहेको छ । यस उपमहानगरपालिकाको वडा नं. १३ राजपुरमा कुनै अनुसन्धानकर्ताले एकल महिलाहरुको बारेमा अध्ययन अनुसन्धान गरेको भेटिएको छैन । यो क्षेत्र उपमहानगरपालिका अन्तरगत पर्दछ र अहिलेको जस्तो विकास, शिक्षा र पविर्तनले गति लिईरहेको समयमा पनि एकल महिलाहरुले अन्य महिलाहरु भन्दा बढि कष्टपुर्ण जीवन जिउनुपर्ने र उनीहरुको सामाजिक अवस्था परिवर्तनका कुराहरु वास्तवमै अनुसन्धानमुलक विषयवस्तु हो त्यसैले यस क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

यस अनुसन्धानमा  मुख्य रुपमा विषयवस्तुलाई विवरणात्मक र वर्णनात्मक तरिकाबाट प्रष्ट्याउने प्रयत्न गरिएको छ । मुल विषयमा केन्द्रित रहेर प्राप्त विवरणहरुको व्याख्या गर्नुका साथै एकल महिलाहरुका सम्बन्धमा शैक्षिक स्थिति, उमेर, उनीहरुको भावनात्मक, मनोवैज्ञानिक पक्ष, परिवारको किसिम तथा हाम्रो समाजको धार्मिक ऐतिहासिक पृष्ठभुमि देखि वर्तमान समाजको अवधारणाहरु एकल महिलाहरुको सशक्तिकरण, मानव अधिकार तथा कानुनी प्रावधान तथा सरकारी नीतिहरुको बारेमा समेत सकेसम्म उजागर गर्ने प्रयत्न गरि उनीहरुको सामाजिक अवस्थासँग सम्बन्धित विषयहरु तथा समाजले एकल महिला प्रति हेर्ने दृष्टिकोणका सम्बन्धमा वर्णन गरिएको छ । समग्रमा भन्नुपर्दा यो अध्ययन वर्णनात्मक अनुसन्धान संरचना (Description Research Design) मा आधारित रहेको छ । जस अनुसार एकल महिलाहरुको सामाजिक र आर्थिक अवस्थाबारे व्याख्या गरिने छ । साथै यो अध्ययन अन्वेषणात्मक रहेको छ । जस अनुसार त्यहाँका महिलाहरुको समस्या पत्ता लगाउन प्रयास गरिएको छ र एकल महिलाहरुले भोगिरहेका सामाजिक समस्याहरुलाई उजागर गर्ने प्रयत्न गरिएको छ ।

### ३.३ तथ्यांकको प्रकृती र स्रोत

यस अनुसन्धानको लागी आवश्यक सामाग्रीहरुको मुख्य स्रोत अध्ययन क्षेत्रमा अनुसन्धानकर्ता स्वयं गएर तथ्यांकहरु संकलन गरिएको छ । जसमा गुणात्मक तथा संख्यात्मक दुवै प्रकारका तथ्यांकहरु समावेश गरिएको छ । र अध्ययनको अवस्था र आवश्यकता अनुसार प्राथमिक र द्वितिय श्रोत पनि लिईएको छ । यसमा सामाजिक तथा आर्थिक गतिविधिका सहायक तथ्यांकलाई बढी समेटिएको छ ।

#### ३.३.१ प्राथमिक स्रोत

यस अध्ययनको लागि आवश्यक स्रोतहरु संकलन गर्नको लागी विभिन्न प्रश्नावली र अन्तरवार्ता, वैयक्तीक अध्ययन तथा एकल महिलाहरुको बारेमा भएका प्रकाशित र अप्रकाशित कृतिहरुलाई प्राथमिक स्रोतको रुपमा प्रयोग गरिएको छ ।

#### ३.३.२ द्वितीय स्रोत

अनुसन्धानका क्रममा अध्ययनकर्ता एक्लैले मात्र सम्पूर्ण तथ्यांकहरू संकलन गर्ने र अध्ययनलाई पूर्णता दिनु अत्यन्तै जटिल तथा कठिन हुने देखिएकोले अध्ययनकर्ता आफैले तयार गरेको प्राथमिक तथ्याङ्क मात्र अपुरो हुने हुँदा सम्बन्धित विषयको अन्य तथ्यांकहरूलाई द्वितीयक वा सहायक तथ्यांकको रुपमा समावेश गर्नुपर्ने हुन्छ । त्यसैले यस अध्ययनमा पनि विभिन्न विद्धान्हरूका लेख, रचना, प्रकाशन, पुस्तक, पत्रपत्रिका साथै जिल्ला समन्वय समिति, नगरपालीका, वडा कार्यालयबाट प्राप्त तथ्याङ्कहरू आदिलाई द्वितीयक तथ्यांकको रुपमा समावेश गरिएको छ ।

### ३.४ नमुना छनौट विधि

यस अध्ययन क्षेत्र धनगढी उपमहानगरपालिका वडा नं. १३ मा  जम्मा ११२३ घरधुरी रहेका छन् र यस अध्ययन क्षेत्रमा ६१ जना एकल महिलाहरु रहेका छन् (ध.उ.म.न.पा.,२०७५) । यस अध्ययन क्षेत्र धनगढी उपमहानगरपालिका वडा नं. १३ मा समय अभाव तथा ठुलो भौगोलिक क्षेत्रको कारणले गर्दा यस अध्ययनमा ती सवै ६१ जना एकल महिलाहरुलाई समेट्न असम्भव भएकोले अध्ययनको क्रममा सवैभन्दा पहिला सम्भाव्यता नमुना छनौट विधि (Probability Sampling Method) को आधारमा गोला प्रथाद्वारा ६१ जना एकल महिला संख्याबाट २० जना एकल महिलाहरुलाई मात्र नमुना छनौटको रुपमा लिईएको छ । अध्ययनका लागी नमुना छनौटमा परेका घर परिवार मध्येका उद्देश्यमुलक नमुना छनौट विधिको आधारमा २० जनाको संख्या नघटाई नबढाई जुन महिलालाई भेटिन्छ उसैलाई आवश्यकता अनुसार तयार गरिएको प्रश्नहरुको अनुसुचीको आधारमा प्रश्न सोधी परिमाणात्मक र गुणात्मक तथ्यहरु संकलन गरिएको छ ।

### ३.५ तथ्यांक संकलन विधिहरु

यस अनुसन्धान कार्यलाई राम्रो परिणाममुखी वनाउनको लागी अन्तरवार्ता अनुसुची, असंरचित अन्तरवार्ता, अवलोकन, मुख्य सुचना दातासंग अन्तरवार्ता, व्यक्तिगत अध्ययन जस्ता विधिहरु अप्नाईएको छ ।

#### ३.५.१ अन्तरवार्ता

अध्ययनका क्रममा आवश्यक सामग्री प्राप्त गर्नका लागि व्यक्तिगत रुपमा अन्तर्वार्ता लिइएको छ । यस अन्तरवार्ताको लागी यस अध्ययनको उद्देश्यहरु पुरा हुने गरि संरचित प्रश्नावलीहरु तयार गरि सोही प्रश्नावलीका आधारमा अध्ययन क्षेत्रका नुमना छनौटमा परेका एकल महिला तथा अन्य व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट गरि अन्तरवार्ताको माध्यमद्धारा तथ्यांक संकलन गरिएको छ । जसमा एकल महिलाहरूको समस्याहरू र त्यससँग सम्बन्धित अन्य विषयहरूमा साथै एकल महिलाहरूको आत्मसम्मानको मूल्यांकनका बारेमा पनि अन्तर्वार्ता लिइएको छ ।

#### ३.५.२ वैयक्तिक अध्ययन

यस अनुसन्धानमा स्थलगत अध्ययन अवलोकनको महत्वपूर्ण भूमिका रहेको छ । अर्थात् अध्ययनको क्रममा सम्पूर्ण तथ्यहरू प्रश्नावली वा अन्तरवार्ताबाट मात्र पर्याप्त नहुने हुँदा सम्बन्धित क्षेत्रको स्थलगत अध्ययन, अवलोकन वा वैयक्तिक अध्ययनद्वारा तथ्यांक संकलन गरिएको छ । यस वैयक्तिक अध्ययनको लागी नमुना छनौटमा परेका एकल महिलाहरु मध्ये जाती र धर्मको आधारमा तीन जना एकल महिलाहरुको वैयक्तिक अध्ययन गरिएको छ । यस वैयक्तिक अध्ययनमा एकल महिलाहरुसँग प्रत्यक्ष कुराकानी तथा समाजका अन्य सरोकारवाला व्यक्ती तथा संस्थाहरुबाट आवश्यक जानकारी लिई एकल महिलाहरुको आत्मसम्मानमा कुनै ठेस नपुगाई उनीहरुको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको अध्ययन गरिएको छ ।

#### ३.५.३ समूह छलफल

तथ्यांक संकलनको क्रममा कुनै कुनै प्रश्नहरूको उत्तर उत्तरदाताले एक्लै भन्न नरुचाउने, अप्ठ्यारो मान्ने जस्ता कुराहरू हुन्छन् भने कतिपय प्रश्नहरूको जवाफ परिवार तथा अन्य छिमेकीहरूको अगाडि भन्न असजिलो हुने जस्ता स्थिति देखापर्ने हुँदा अध्ययनका क्रममा केही प्रश्नहरूलाई सामूहिक छलफलका आधारमा पनि अध्ययन गरिएको छ । यो छलफल विधि अध्ययनको उद्देश्यहरु प्रति आधारित रही नुमना छनौटमा परेका एकल महिलाहरुसँग सामुहिक रुपमा छलफल गरिएको छ । यस समुह छलफलमा एकल महिलाहरुको एकल हुनु अघि र पछिको अवस्थाको बारेमा तथा एकल भए पश्चात् समाज र परिवारले गरेका व्यवहारहरुको बारेमा छलफल गरिएको छ । यस विधि अन्तरगत नमुना

छनौटमा परेका २० जना एकल महिला तथा सोही स्थानका अन्य एकल महिलाहरुको ४ देखि ५ जनाको समुह बनाई यस अध्ययनका लागि तयार गरिएका प्रश्नहरुको आधारमा तथ्यांक संकलन गरिएको छ ।

### ३.६ तथ्यांक विश्लेषण तरिका

कुनै पनि अध्ययन, अनुसन्धानको सफलता संकलन गरिएका तथ्यांकहरूको प्रभावकारी विश्लेषण तथा त्यसको प्रस्तुतीकरणमा भर पर्छ । त्यसकारण यस अध्ययनमा पनि संकलित तथ्यांकहरूको प्रकृति अनुसार वर्गीकरण गरी त्यसलाई विश्लेषण गरिएको छ । गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरी तथ्यपरक र बोधगम्य बनाउन त्यसलाई विस्तार र विश्लेषण गरिएको छ । प्रस्तुतीकरणमा वर्णनात्मक पक्षमा विशेष जोड दिइने छ तथा विश्लेषणात्मक पक्षलाई पनि त्यत्तिकै स्थान दिइएको छ ।

### ३.७ तथ्यांकको विश्वसनियता र प्रमाणिकता

अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा गएर तथ्यांक संकलन गरिएको छ । प्रश्नहरु सरल बुझ्ने शैलीमा प्रत्यक्ष तथा अप्रत्यक्ष असर नपर्ने गरी महिलाहरु वीच नजिक भएर विस्तारै प्रश्नहरु सोधेर यथार्थ तथ्यांकहरु लिईएको छ। यसरी तथ्यांक बढी भरपर्दो र विश्वासिलो वनाईएको छ।

### ३.८ अध्ययनको सीमा

प्रत्येक अध्ययन अनुसन्धानको सिमा हुन्छ । त्यसैले यो अध्ययन अनुसन्धान स्नातकोत्तर तहको शोध पत्र प्रयोजनको लागी मात्र रहेको छ । यो अध्ययन छनौट गरिएको वडा क्षेत्रमा सिमित रहेको छ र यसबाट प्राप्त निष्कर्षहरु अन्य क्षेत्र र परिवेशमा मेल खाएको छैन । एकल महिलाहरुको सामाजिक र आर्थिक अवस्थाको अध्ययन गर्ने यो अध्ययनले अन्य महिलाहरुसँग तुलनात्मक रुपमा मेल खाएको छैन ।

## अध्याय चार
## अध्ययन क्षेत्रको परिचय

### ४.१ कैलाली जिल्लाको परिचय

कैलाली जिल्ला संघिय नेपालको सुदुरपश्चिम प्रदेश मा पर्ने जिल्ला मध्येको एउटा हो । दलित, ब्राहमण, क्षेत्री, आदिवासी जनजाती, थारु लगायतका जातिहरुको मिश्रित बसोवास रहेको यस जिल्लामा २०६८ सालको जनगणना अनुसार ६ लाख १६ हजार ६ सय ९७ जनसंख्या रहेका छन् । हालको धनगढी उपमहानगरपालिका यस जिल्लाको सदरमुकाम हो । यस जिल्लाको पुर्वमा बर्दिया पश्चिममा कञ्चनपुर र उत्तरमा डडेल्धुरा जिल्ला रहेका छन् भने दक्षिणमा भारतिय नाका गौरीफन्टा रहेको छ । धनगढी उपमहानगरपालिका भित्र बस्ने जनताहरु दैनिक उपभोगका सामानका लागी प्राय: भारतीय नाका गौरीफन्टा जाने गर्दछन् । यस जिल्लामा ६ निर्वाचन क्षेत्र थिए र हाल संघिय संरचनाले ५ वटा निर्वाचन क्षेत्र निर्धारण गरेको छ ।

### ४.१.१ भौगोलिक अवस्था

कैलाली जिल्ला नेपाल अधिराज्यको सुदुर पश्चिम प्रदेशमा अवस्थीत एक तराई जिल्ला हो । यो संघिय नेपालको सुदुरपश्चिम प्रदेशमा पर्दछ । यस जिल्लाको पुर्वमा बर्दिया र सुर्खेत जिल्ला पर्दछन् भने पश्चिममा कञ्चनपुर र डडेल्धुरा जिल्ला पर्दछ । उत्तर दिशामा डोटी, डडेल्धुरा र सुर्खेत जिल्ला पर्दछन भने दक्षिण तिर भारतको उत्तर प्रदेश (लखिमपुर खिरी) पर्दछ । समून्द्र सतहबाट १०९ मी देखी १९५० मी सम्मको उचाईमा रहेको यस जिल्लाको कूल क्षेत्रफल ३२३५ वर्ग कि मी रहेको छ जसमा तराई ५९.७% र पहाड ४०.३% रहेको छ । विश्वमान चित्रमा यो जिल्ला २८.२२ देखि २९$^{\circ}$.५$^{\circ}$ उत्तर अक्षांश र ८०$^{\circ}$.३०$^{\circ}$ देखि ८१$^{\circ}$.१८$^{\circ}$ देशान्तरमा पर्दछ । यहााको हावापानी उष्ण देखि समषीतोष्ण खालको छ । यस जिल्लाको प्रमुख नदिहरुमा कर्णाली, मोहना, खुटिया, पथरैया, शिवगंगा, गौरी गंगा, कनरा, गुलरा, गोदावरी आदी पर्दछन भने प्रमुख तालहरुमा घोडाघोडी, जोखर, जोगनीया, बेहडाबाबा, कोइलही आदी पर्दछ । यस जिल्लाको तापक्रम ग्रिष्मकालमा अधिकतम ४३$^{\circ}$ से. हुन्छ भने न्युनतम २४$^{\circ}$ से. सम्म हुने गर्दछ । त्यसैगरी हिउंदकालमा अंधिकतम १९ $^{\circ}$ से. सम्म पुग्दछ भने न्युनतम ५$^{\circ}$ से. सम्म पग्ने गर्दछ ( जि.स.स कैलाली, २०७५) ।

### ४.१.२ सामाजिक तथा सांस्कृतिक स्थिति

वि.स. २०६८ सालको जनगणना अनुसार यस जिल्लाको जनसंख्या ६,१६,६९७ रहेको छ । जहाा पुरुषको संख्या ३,१२,३११ रहेको छ भने महिलाको संख्या ३,०४,३८६ रहेको छ । यस जिल्लामा जम्मा घरधुरी संख्या १,४२,४८० रहेको छ । त्यसै गरी यहााको जनसंख्या औसत परिवारको संख्या ५.४४ रहेको छ । त्यसै गरी जातीको आधारमा यहाा थारु ४१.५३ प्रतिशत, क्षेत्री २१.१३ प्रतिशत, ब्रहमण १२.४१

प्रतिशत, कामी ८.३९ प्रतिशत, मगर ३.९६ प्रतिशत, ठकुरी ३.९६ प्रतिशत, दमाई २.२२ प्रतिशत र अन्या ६.११ प्रतिशत रहेका छन् । त्यस्तै धर्मको आधारमा कूल जनसंख्याको सवैभन्दा बढी हिन्दु ९४.९१ प्रतिशत, इस्लाम ०.६४, बौद्ध २.०९, क्रिश्चियन १.८७, किरात १.०१ र अन्या ०.५६ प्रतिशत रहेको छन् । त्यसैगरी चाडपर्वको कूरा गर्ने हो भने यहाा दशैं, तिहार, फागु, गौरा, तीज र माघी प्रमुख रुपमा मनाउदै आएको पाइन्छ (जि.स.स, कैलाली, २०७५) ।

### ४.१.३ शिक्षा

कैलाली जिल्लाको कूल साक्षरता प्रतिशत ६६.३२% रहेको जहाा पुरुष ७६.१६% र महिला ७.०५% रहेको छ । वि.स. २०७१ सालको तथ्यांक अनुसार प्रथमिक विधालय सरकारी तर्फ २४७ र निजी तर्फ १४४ गरी कुल ३९९ विधालय रहेका छन् । त्यसैगरी नि.मा.वि तर्फ सरकारी १५५, नीजी ५९ गरी जम्मा २१४ विधालय रहेका छन् । माध्यमिक तर्फ कूल १२८ विधालय रहेका छन् जस्मा सरकारी ६ र निजि ४२ वटा रहेका छन् । त्यसैगरी उच्च माध्यमिक विधालय तर्फ जम्मा ७८ विधालय रहेका छन् जसमध्य ५६ वटा सरकारी र २२ वटा निजी विद्यालय रहेका छन् । त्यसैगरी यस जिल्लामा २१ वटा क्याम्पस रहेका छन् भने १२ वटा प्राविधिक शिक्षालय रहेका छन् (जि.स.स, कैलाली, २०७५) ।

### ४.१.४ स्वास्थ्य

यस जिल्लामा जनताको स्वास्थ्य स्थितिमा सुधार ल्याउने उद्वेश्य अनुरुप एउटा सरकारी अस्पताल, एउटा आाखा अस्पताल, ५ वटा अस्पताल, ४ वटा प्रथामिक स्वास्थ्य केन्द्र, २० वटा स्वास्थ्य चौकी, १७ वटा उप स्वास्थ्य चौकी, २ वटा अञ्चल आयुर्वेदिक औषधालय, २५१ वटा पि.एच.सि.⁄आ.आर.सि. १२५६ वटा एफ.सि.एच.भि. र एउटा नरसिंग होम रहेको छ (जि.स.स., कैलाली २०७५) ।

### ४.१.५ यातायात

यस जिल्लाको यातयातको उपलब्धतालाई हेर्दा २०५ कि.मि कालोपत्रे सडक रहेको छ, १५६० कि.मि कच्ची सडक, २६ कि.मि महेन्द्रराज मार्ग, ५३.६३ कि.मि महाकाली राजमार्ग (अत्तरिया - डडेल्धुरा) र ६८७ कि.मि हुलाकी सडक रहेको छ साथै यस जिल्लामा ८१ वटा पक्की पुल, २७ वटा झोलंगे पुल र १४३६ वटा कल्भर्ट रहेका छन् (जि.स.स., कैलाली, २०७५) ।

### ४.१.६ सञ्चार प्रणाली

यस जिल्लामा उपलब्ध सञ्चार सुविधालाई केलाउदा १६ वटा स्थानिय पत्रपत्रिका, १२ वटा एफ.एम. ८ वटा राष्ट्रिय पत्रपत्रिका, ६ वटा राष्ट्रिय टि.भी च्यानल, २ वटा रेडियो, १ वटा जिल्ला हुलाक

कार्यालय, १२ वटा ईलाका हुलाक कार्यालय र ७ वटा कूरियर सेवा रहेका छन् (जि.स.स., कैलाली, २०७५) ।

### ४.१.७ खानेपानीको अवस्था

यस जिल्लामा खानेपानीको अवस्थालाई अध्ययन गर्दा कूल घरधुरी १८,४३० घरधुरीले धारा/पाइप, १,१५,२९१ घरधुरीले ट्युबवेल/हयाण्डपम्प, ३९० घरधुरीले ढकिएको इनार/कुवा, १६०५ घरधुरीले नढाकिएको इनार/कुवा, २४९३ घरधुरीले मूल धारा, १८१९ घरधुरीले नदीखोला, १६५७ घरधुरीले अन्य स्रोत र ७६८ घरधुरीले उल्लेख नभएका स्रोत द्वारा खानेपानी आपुर्ति गरिरहेको पाइएको छ (जि.स.स., कैलाली, २०७५) ।

## ४.२ अध्ययन क्षेत्रको परिचय

कुनै पनि विषयको अध्ययन गर्ने क्रममा अनुसन्धानकर्ताले आफूले रोजेको विषयवस्तुसँग प्रत्यक्ष सम्बन्ध राख्ने उचित स्थान चयन गर्नु अनिवार्य हुन्छ । उचित स्थान र श्रोत विना अध्ययन कार्य असम्भव हुने हुँदा अध्ययनको विषय अनुसार अध्ययन क्षेत्रको तालमेल मिलाएर यस अध्ययन अनुसन्धानलाई अगाडि बढाइएको छ ।

यस अध्ययनमा एकल महिलाहरूको विषयमा उनीहरूका सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक तथा मनोवैज्ञानिक विविध समस्याहरूलाई सकेसम्म केलाएर लैजाने प्रयत्न गरेको हुँदा अध्ययनको लागि उपयुक्त अध्ययन स्थलको रुपमा कैलाली जिल्ला धनगढी उपमहानगरपालीका वडा नं. १३ लाई अध्ययन स्थलको रुपमा चयन गरिएको छ । यस क्षेत्रमा बसोबास गर्दै रहेका एकल (विधुवा) महिलाहरू र उनीहरूका समस्याहरू तथा समाजलाई मध्यनजर गरी यो शोधपत्र तयार गरिएको छ । यस शोधको अध्ययन क्षेत्र धनगढी उपमहानगरपालीका वडा नं. १३ राजपुर रहेको छ । जो उपमहानगरपालिका भित्रको एउटा महत्वपुर्ण क्षेत्र हो । यो क्षेत्र धनगढी सदरमुकाम भित्रै पर्दछ ।

### ४.२.१ अध्ययन क्षेत्रको भौगोलिक अवस्था

समग्र दृष्टिकोणले महत्वपूर्ण रहेको कैलाली जिल्ला धनगढी उपमहानगरपालिकामा १९ वटा वडाहरू रहेका छन् । जसमध्ये वडा नं. १३ राजपुर नामले परिचित एउटा रमणीय र शान्त ठाउँ रहेको छ । जुन धनगढीबाट उत्तर पश्चिमपट्टि करिव ५ किलोमिटरको दुरीमा अवस्थित छ । यो क्षेत्रको हावापानी हिउँद ऋतुको तुलनामा गृष्म ऋतुको तापक्रम केही बढी नै हुने गर्दछ अर्थात् यो क्षेत्र गर्मी हुने क्षेत्र अन्तर्गत पर्दछ । यो क्षेत्र हराभरा, मनमोहक छ र यहाँ चारकोसे जंगल झाडीहरू देख्न पाइन्छ । खेतीयोग्य जमिन भएको यस ठाउँमा उत्पादनका हिसाबले अति उपयुक्त मानिन्छ । यस क्षेत्रमा विभिन्न मनमोहक दृश्यहरू रहेका छन् । यस क्षेत्रमा त्यस्तो कुनै पर्यटकिय स्थल तालतलैयाहरु छैनन् । यद्यपी यो

क्षेत्र व्यापारी तवरले अत्यन्तै महत्वपुर्ण रहेको छ । यस क्षेत्रमा विकासका हरेक पुर्वाधारको उचित व्यस्था विकास भएको छ । विकासको आधुनिकतासँगै यस क्षेत्रमा पनि विद्युत, टेलिफोन, स्वास्थ्य चौकी, पुलिस चौकी आदि विभिन्न सुविधाहरू प्राप्त भइसकेको छ त्यस्तै विभिन्न स्कुल, कलेजहरू स्थापित भईसकेका छन् । पानीको हिसाबले यस क्षेत्र अत्यन्त महत्वपूर्ण रहेको छ । हरेक घरमा हाते पम्प तथा खानेपानीको राम्रो व्यवस्था रहेको पाइन्छ । धनगढी उपमहानगरपालिकाको महत्वपुर्ण क्षेत्र मध्येको एउटा हो । यहाँका मानिसहरुको प्रायः गरेर व्यापार र जागिर मुख्य आम्दानीको स्रोत रहेको छ ।

### ४.२.२ अध्ययन क्षेत्रको सामाजिक अवस्था

जनसंख्याको हिसाबले महिला र पुरुषको करिब समान बाहुल्यता रहेको धनगढी उपमहानगरपालीकाको कूल जनसंख्या ७५००० रहेको छ । जसमा महिला ३७७९९ र पुरुषको जनसंख्या ३७२०१ रहेको पाइन्छ । धनगढी उपमहानगरपालिका १३ राजपुरमा कूल ११२३ घरधुरी रहेको छ । यहाँको कूल जनसंख्या ४३२१ रहेको छ । त्यसमा महिलाको संख्या २२०२ रहेको छ भने पुरुषको संख्या २११९ रहेको पाइन्छ भने एकल महिलाको सख्या ६१ रहेको छ (धनगढी उपमहानगरपालिका २०७४/७५) । यस क्षेत्रमा विभिन्न जनजातिहरूको बसोबास रहेको छ । जसमध्ये थारु, राना थारु, ब्राह्मण र क्षेत्री यहाँका बहुसंख्यक जातिमा पर्न आउँछन् भने अन्य जातीमध्ये दलित, गुरुङ्ग आदिको यहाँ बसोबास रहँदै आएको पाइन्छ । यसको अतिरिक्त यहाँ बाहिरबाट आई स्थायी बसोबास गर्नेको संख्या पनि बढ्दो क्रममा छ । हिन्दु धर्मावलम्बीहरुको बाहुल्यताले गर्दा यस क्षेत्रमा दशैं, तिहार, जनैपूर्णिमा, माघे सक्रान्ति, फागु पुर्णिमा आदि चाडपर्वहरू अत्यधिक महत्व र रमझमका साथ मनाइन्छ भने अन्य जातिहरूले पनि आ-आफ्नै शैलीले विभिन्न चाडपर्व आफ्नै चलनअनुसार मनाउँछन् । यस क्षेत्रका मानिसहरूमा केही त्यसमा पनि धेरै बुढापाकाहरूले रुढीवादी परम्परागत कुराहरू नै औल्याएको पाइन्छ भने अहिले आएर धेरैमा परिवर्तन भएको पाइन्छ ।

### ४.२.३ अध्ययन क्षेत्रको आर्थिक अवस्था

यस क्षेत्रका बासिन्दा प्रायः मध्यम वर्गमा पर्न आउँछन् । खेतीयोग्य जमिन र उत्पादनका हिसाबले उपयुक्त मानिएको यस क्षेत्रका बासिन्दाको मुख्य पेशा भनेको व्यापार, रोजगारी, कृषि तथा पशुपालन रहेको छ । कृषि, पशुपालन लगायत अन्य पेशा व्यवसाय पनि यहाँका बासिन्दाले अपनाएका छन् भने कोही वैदेशिक रोजगारका लागि गएको पाइन्छ । महिलाहरू भन्दा पुरुषहरू बढी मात्रामा जाँगिरे छन् । यहाँ बसाइसराईको क्रम बढ्दो भएकाले जग्गाहरू यसका लागि धमाधम बिक्री हुँदै गएका छन् भने जग्गाको मूल्यमा पनि बृद्धि हुँदै गइरहेको छ ।

आर्थिक रुपमा तल्लो अवस्थामा रहेका महिलाहरू पनि अहिले आएर त्यस्तो अवस्थामा छैनन् । शिक्षित वर्ग जागिर तिर, शिक्षण पेशातिर छन् भने अन्य महिलाहरू पनि सानोतिनो व्यवसाय,

रोजगारीतर्फ लागेका छन् । यस क्षेत्रमा गठन भएको महिला समूह, आमा समूहले गर्दा महिलाहरूको आर्थिक स्थिति सबल भएको र बौद्धिक हिसाबले पनि उनीहरू सक्षम भएको पाइन्छ ।

### ४.२.४ अध्ययन क्षेत्रको शैक्षिक अवस्था

यस क्षेत्रको शैक्षिक स्थिति हेर्दा सन्तोषजनक नै छ । देशको कूल जनसंख्याको झण्डै आधा जनता साक्षर हुनबाट वंचित रहेको अवस्थामा पनि यस क्षेत्रको साक्षरता ७३ प्रतिशत रहेको छ । महिला भन्दा पुरुष ११ प्रतिशत बढी साक्षर छन् । यस क्षेत्रमा विभिन्न स्कुल तथा उच्च माध्यमिक विद्यालय स्थापित छन् । धनगढी उपमहानगरपालिका भित्र थुप्रै उच्च माध्यमिक विद्यालय, बहुमुखी क्याम्पस, माध्यमिक विद्यालय, विभिन्न बोर्डिङ्ग स्कुल रहेका छन् । धनगढी उपमहानगरपालिका-१३ राजपुरमा माध्यमिक र उच्च माध्यमीक विद्यालय रहेको छ । यस क्षेत्र बाहेक अन्य क्षेत्रमा स्थापित स्कुल कलेजहरू पनि त्यति टाढा छैनन् जसले गर्दा शिक्षाको विकासले यस ठाउँलाई पनि उज्यालो बनाइदिएको छ ।

### ४.२.६ अध्ययन क्षेत्रका एकल महिलाहरुको शैक्षिक अवस्था

अध्ययन क्षेत्रमा जम्मा ६१ जना एकल महिलाहरु रहेका छन्  (धनगढी उपमहानगरपालीका, २०७५) । र ती सबै एकल महिलाहरु पढेलेखेका छैनन् । ती मध्ये कतिपय प्रौढ शिक्षा पढेका छन् भने केही निम्न माध्यमिक तह, माध्यमिक तह र केही उच्च माध्यमिक तह सम्मको शिक्षा हासिल गरेका छन् । उनीहरुको शैक्षिक अवस्था वर्तमान समयको तुलनामा न्युन रहेकोले उनीहरुको जिवनशैलीमा प्रत्यक्ष असर परिरहेको छ । शैक्षिक अवस्था कम रहेकोले उनीहरुलाई समाजको क्षेत्रमा महिला विकास सम्बन्धि तथा अन्य सामाजिक क्रियाकलापमा सम्मानजनक रुपले समाजले स्विकार गर्न सकिरहेको छैन ।

### ४.२.५ अध्ययन क्षेत्रका  एकल महिलाहरूको सामाजिक तथा आर्थिक अवस्था

एकल महिलाहरूको समस्याको सम्वन्धमा जानकारी हासिल गर्ने उद्देश्यले गरिएको अध्ययनमा मुख्य रूपमा कैलाली जिल्ला, धनगढी उपमहानगरपालिका वडा नं. १३ राजपुरका एकल महिलाहरूका वैयक्तिक तथा पारिवारिक पृष्ठभूमी, शैक्षिक अवस्था, जातिगत तथा स्वास्थ्य सम्बन्धी विवरण, एकल महिलाहरुका नाममा रहेको चल अचल सम्पत्ती, उनीहरुले गरिरहेका आर्थिक क्रियाकलाप, उनीहरुको आम्दानी आदीको बारेमा गरिएको स्थलगत अध्ययनबाट प्राप्त विवरणहरू सबैलाई वृतान्त अध्याय पाँचमा उल्लेख गरिएको छ ।

## अध्याय पाँच

## तथ्यांक विश्लेषण तथा प्रस्तुतीकरण

### ५.१ एकल महिलाहरुको सामाजिक अवस्था

यस शोध अध्ययन कार्यमा अध्ययन क्षेत्रका एकल महिलाहरूको सामाजिक तथा आर्थिक अवस्था अन्तर्गत परिवारको स्थिति, उमेर समूह, शैक्षिक अवस्था, जातिगत अवस्था, घरमूलीको अवस्था, एकल हुँदाको अवस्था, उनीहरुको नाममा भएको चल अचल सम्पत्ती, उनीहरुको आम्दानीको श्रोत, उनीहरुले गरिरहेका आर्थिक क्रियाकलाप आदि जस्ता कुराहरूमा अध्ययन गरिएको छ ।

अध्ययन क्षेत्रका उत्तरदाताहरूको सामाजिक तथा आर्थिक अवस्थाको ब्याख्या गर्ने क्रममा छनौटमा परेका २० जना एकल महिलाहरूलाई संरचित तथा असंरचित प्रश्नावली फाराम भराएर तथा अन्य आवश्यक जानकारी लिएर उनीहरूको सर्वेक्षण गर्ने कार्य सम्पन्न गरिएको छ । उत्तरदाताहरूबाट प्राप्त गरेको तथ्याङ्कलाई विभिन्न माध्यमबाट प्रस्तुति, ब्याख्या र विश्लेषण गरिएको छ ।

#### ५.१.१ एकल महिलाहरुको जातीगत विवरण

तल उल्लेखित तालिकाले अध्ययनको लागी छनौट भएका सम्पुर्ण एकल महिलाहरुको जातीगत विवरण देखाउँदछ । अध्ययन क्षेत्रमा ब्राह्मण, क्षेत्री, गुरुङ्ग, थारु र दलित जातीको बाहुल्यता रहेको पाईयो । यसबारे थप सुचना निम्न बमोजिम तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १

एकल महिलाहरुको जातिगत विवरण

| जति | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | ६ | ३० |
| क्षेत्री | ५ | २५ |
| थारु | ४ | २० |
| गुरुङ्ग | ३ | १५ |
| दलित | २ | १० |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

अध्ययन क्षेत्रमा जातिगत अध्ययन गर्दा ६ जना ब्राह्मण जातीका एकल महिलाहरु रहेको पाईयो जसको प्रतिशत ३० रहेको छ । त्यसैगरि ५ जना क्षेत्री जातीका एकल महिलाहरु रहेको पाईयो जसको प्रतिशत २५ रहेको छ । त्यसैगरि ४ जना थारु जातीका एकल महिलाहरु रहेको पाईयो जसको प्रतिशत

२० रहेको छ । त्यसैगरि ३ जना गुरुङ्ग जातीका एकल महिलाहरु रहेको पाईयो जसको प्रतिशत १५ रहेको छ । र २ जना दलित जातीका एकल महिलाहरु रहेको पाईयो जसको प्रतिशत १० रहेको छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा ब्राह्मण जातीको बाहुल्यता बढी रहकोले ब्राह्मण एकल महिलाहरु बढी रहेको पाईयो जसको प्रतिशत ३० रहेको छ ।

### ५.१.२ एकल महिलाहरुको उमेर समुह सम्बन्धी विवरण

अध्ययन क्षेत्रमा विभिन्न उमेर समुहका एकल महिलाहरु भेटिए र ती भेटिएका मध्ये २० वर्षको उमेर देखी ७० वर्ष भन्दा माथी उमेर समुहका उत्तरदाताहरु भेटिए । यस उमेर समुह सम्बन्धि थप विवरण निम्न प्रकारले प्रस्तुत गरिएको ।

तालिका नं. २

एकल महिलाहरुको उमेर समुह सम्बन्धी विवरण

| उमेर समुह (वर्ष) | संख्या | प्रतिशत |
|---|---|---|
| २०-३० | १ | ५ |
| ३१-४० | ३ | १५ |
| ४१-५० | २ | १० |
| ५१-६० | ३ | १५ |
| ६१-७० | ५ | २५ |
| ७० देखी माथी | ६ | ३० |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

माथिको तालिकालाई विश्लेषण गर्दा २०-३०उमेर समुहका १ जना एकल महिला रहेका छन् जसको प्रतिशत ५ रहेको छ । त्यसै गरि ३१-४० उमेर समुहका ३ जना एकल महिला रहेका छन् जसको प्रतिशत १५ प्रतिशत रहेको छ । ४१-५० उमेर समुहका २ जना एकल महिला रहेका छन् जसको प्रतिशत १० रहेको छ । ५१-६० उमेर समुहका ३ जना एकल महिला रहेका छन् जसको प्रतिशत १५ रहेको छ ।  ६१-७० उमेर समुहका ५ जना एकल महिला रहेका छन् जसको प्रतिशत २५ रहेको छ । र ७० देखी माथी उमेर समुहका ६ जना एकल महिला रहेका छन् जसको प्रतिशत ३० रहेको छ ।

माथि तालिका अनुसार ७० देखि माथी उमेर समुहका एकल महिलाहरुको संख्या बढी रहेको पाइयो जसको प्रतिशत ३० रहेको छ ।

### ५.१.३ एकल महिलाहरुको विवाह हुँदाको उमेर

यस अन्तरर्गत अध्ययन क्षेत्रमा एकल महिलाहरुको विवाह हुँदाको उमेरको बारेमा चर्चा गरिएको छ जुन निम्न बमोजिम तालिकाबद्ध गरिएको छ ।

तालिका नं. ३

एकल महिलाहरुको विवाह हुँदाको उमेर सम्बन्धी विवरण

| उमेर समुह (वर्ष) | संख्या | प्रतिशत |
|---|---|---|
| १६-२० | ५ | २५ |
| २१-२५ | ९ | ४५ |
| २६-३० | ३ | १५ |
| ३१-३५ | ३ | १५ |
| ३६ देखी माथी | - | - |
| जम्मा | २० | १००:०० |

(स्रोत: स्थलगत सर्वेक्षण, २०७६)

माथिको तालीका विश्लेषण गर्दा १६-२० बर्षमा विवाह गरेका एकल महिलाहरु ५ जना रहेको पाईयो जसको प्रतिशत २५ रहेको छ । २१-२५ वर्षमा विवाह गरेका एकल महिलाहरु ९ जना रहेको पाईयो जसको प्रतिशत ४५ रहेको छ । त्यसै गरी २६-३० वर्षमा विवाह गरेका एकल महिलाहरु ३ जना रहेका पाईयो जसको प्रतिशत १५ रहेको छ र ३१-३५ वर्षमा विवाह गरेका एकल महिलाहरु ३ जना रहेको पाईयो जसको प्रतिशत १५ रहेको छ ।

माथिको तालिका अनुसार २१-२५ उमेरमा विवाह गरेका एकल महिलाहरुको संख्या सबैभन्दा धेरै रहेको पाईएको छ जसको प्रतिशत ४५ रहेको छ ।

### ५.१.४ एकल महिलाहरुको एकल हुँदाको उमेर

प्रस्तुत तालिकाले अध्ययन क्षेत्रका एकल महिलाहरुको एकल हुँदाको उमेरबारे प्रष्ट्याउँदछ जुन यस प्रकारले तालिकाबद्ध गरिएको छ ।

तालिका नं. ४

एकल महिलाहरुको एकल हुँदाको उमेर विवरण

| उमेर समुह (वर्ष) | संख्या | प्रतिशत |
|---|---|---|
| २०-३० | १ | ५ |
| ३१-४० | २ | १० |
| ४१-५० | ४ | २० |
| ५१-६० | ६ | ३० |
| ६१ देखी माथी | ७ | ३५ |
| जम्मा | २० | १००:०० |

(स्रोत: स्थलगत सर्वेक्षण, २०७६)

माथिकोतालिकालाई विश्लेषण गर्दा २०-३० उमेरमा एकल भएका महिलाहरु १ जना रहेको पाईयो जसको प्रतिशत ५ रहेको छ। त्यसै गरि ३१-४० उमेरमा एकल भएका महिलाहरु २ जना रहेको पाईयो जसको प्रतिशत १० रहेको छ। त्यसै गरि ४१-५० उमेरमा एकल भएका महिलाहरु ४ जना रहेको पाईयो जसको प्रतिशत २० रहेको छ। त्यसै गरि ५१-६० उमेरमा एकल भएका महिलाहरु ६ जना रहेको पाईयो जसको प्रतिशत ३० रहेको छ। र ६१ देखी माथी उमेरमा एकल भएका महिलाहरु ७ जना रहेको पाईयो जसको प्रतिशत ३५ रहेको छ।

माथिको तालिका अनुसार ६१ देखी माथी उमेरमा एकल भएका महिलाहरुको संख्या बढी रहेको पाईयो जसको प्रतिशत ३५ रहेको छ।

### ५.१.५ एकल महिलाहरुको शैक्षिक विवरण

प्रस्तुत तालिकाले अध्ययन क्षेत्रमा अध्ययनको लागी लिएको एकल महिलाहरुको शैक्षिक स्थितिको बारेमा तालिकाबद्ध गरिएको छ। अध्ययन क्षेत्रमा २ जना एकल महिलाहरु निरक्षर भेटिए भने बाँकी साक्षर भेटिएका छन्। यस बारे थप विवरण निम्न बमोजिम तालिकाबद्ध गरिएको छ।

तालिका नं. ५

एकल महिलाहरुको शैक्षिक विवरण

| शैक्षिक तह | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | २ | १० |
| अनौपचारीक | ३ | १५ |
| प्रा.वि. | ६ | ३० |
| नि.मा.वि. | ४ | २० |
| उ.मा.वि. | ४ | २० |
| उ.मा.वि. देखी माथी | १ | ५ |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा २ जना एकल महिलाहरु निरक्षर रहेको पाईयो जसको प्रतिशत १० रहेको छ। त्यसै गरि ३ जना एकल महिलाहरु अनौपचारीक शिक्षा प्राप्त गरेको पाईयो जसको प्रतिशत १५ रहेको छ। प्राथमिक तह सम्मको शिक्षा प्राप्त गरेका एकल महिलाहरुको संख्या ६ रहेको पाईयो जसको प्रतिशत ३० रहेको छ। त्यसै गरि निम्न माध्यमीक तह सम्म शिक्षा प्राप्त गरेका एकल महिलाहरुको संख्या ४ रहेको छ जसको प्रतिशत २० रहको छ। त्यसै गरि अध्ययन क्षेत्रमा उच्च माध्यमीक तह सम्म शिक्षा प्राप्त गरेका एकल महिलाहरुको संख्या ४ रहेको छ

जसको प्रतिशत २० रहेको छ । र १ जना एकल महिलाहरुले उच्च माध्यमीक तह भन्दा माथिको शिक्षा प्राप्त गरेको पाईयो जसको प्रतिशत ५ रहेको छ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा प्राथमिक तह सम्म शिक्षा प्राप्त गरेका एकल महिलाहरुको संख्या बढी पाईयो जसको प्रतिशत ३० रहेको छ । निरक्षर हुने मध्ये सबै २ जना दलित समुदायको एकल महिलाहरु रहेका छन् भने उच्च माध्यमिक भन्दा माथिको शिक्षा प्राप्त गरेका सबै ५ जना ब्राह्मण र क्षेत्री समुदायको एकल महिलाहरु रहेका छन् ।

### ५.१.६ एकल महिलाहरुको धार्मिक स्थिति

नेपाल धर्म निरपेक्ष देश भएकोले यहाँ विभिन्न धर्मावलम्वीहरु रहेका छन् । प्रस्तुत तालिकाले अध्ययन क्षेत्रमा रहेका एकल महिलाहरुको धार्मिक स्थितिको बारे प्रष्ट पार्दछ । यस बारे थप विवरण निम्न बमोजिमले तालिका बद्ध गरिएको छ ।

तालिका नं. ६

एकल महिलाहरुको धार्मिक स्थिति

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | १० | ५० |
| क्रिष्चियन | ७ | ३५ |
| बौद्ध | ३ | १५ |
| अन्य | - | - |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुको धार्मिक स्थितिबारे अध्ययन गर्दा १० जनाले हिन्दु धर्म मान्दै आएको पाईयो जसको प्रतिशत ५० रहेको छ । त्यसैगरि ७ जनाले क्रिष्चियन धर्म मान्दै आएको पाईयो जसको प्रतिशत ३५ रहेको छ । र ३ जनाले बौद्ध धर्म मान्दै आएको पाईयो जसको प्रतिशत १५ रहेको छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा हिन्दु धर्म मान्ने एकल महिलाहरुको संख्या बढी रहेको पाईयो जसको प्रतिशत ५० रहेको छ ।

### ५.१.७ एकल महिलाहरुको श्रीमान्को मृत्युको कारण

मानिस जन्मे पछि उसको मृत्यु निश्चित हुन्छ र मृत्यु कतिबेला कति उमेरमा हुन्छ के कारणले केही निश्चित हुदैन । तर मृत्यु पक्कै हुन्छ । प्रस्तुत तालिकाले अध्ययन क्षेत्रमा भएका एकल महिलाहरुको श्रीमान्को मृत्युको कारणको बारेमा प्रष्ट पार्दछ जुन यस प्रकारले तालिका बद्ध गरिएको छ ।

तालिका नं. ७

एकल महिलाहरुको श्रीमान्को मृत्युको कारण विवरण

| मृत्युको कारण | संख्या | प्रतिशत |
|---|---|---|
| दुर्घटना | ४ | २० |
| कालगति | ७ | ३५ |
| सशस्त्र द्वन्द | ३ | १५ |
| रोग व्याधी | ६ | ३० |
| जम्मा | २० | १००:०० |

(स्रोत: स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुको श्रीमान्को मृत्युको कारणबारे अध्ययन गर्दा ४ जना महिलाहरुको श्रीमान्को मृत्यु दुर्घटनाबाट भएको पाईयो जसको प्रतिशत २० रहेको छ भने ७ महिलाहरुको श्रीमान्को मृत्यु कालगतिबाट भएको पाईयो जसको प्रतिशत ३५ रहेको छ । त्यसै गरि ३ जना महिलाहरुको श्रीमान्को मृत्यु सशस्त्र द्वन्दबाट भएको पाईयो जसको प्रतिशत १५ रहेको छ । र ६ जना महिलाहरुको श्रीमान्को मृत्यु विभिन्न रोग व्याधीको कारणबाट भएको पाईयो जसको प्रतिशत ३० रहेको छ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा महिलाहरुको श्रीमान्को मृत्यु कालगतिबाट भएको बढी पाईयो जसको प्रतिशत ३५ रहेको छ ।

### ५.१.८ एकल महिलाहरुको परिवारको किसिम

प्रस्तुत तालिकाले अध्ययन क्षेत्रमा रहेका एकल महिलाहरुको परिवारको संरचनाबारे अध्ययन गर्दछ जुन यस प्रकारले तालिकाबद्ध गरिएको छ ।

तालिका नं. ८

एकल महिलाहरुको परिवारको किसीम


| परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| एकल | १२ | ६० |
| संयुक्त | ८ | ४० |
| जम्मा | २० | १००:०० |

(स्रोत: स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुको परिवारको प्रकारबारे अध्ययन गर्दा १२ जना महिलाहरुको एकल परिवार रहेको पाईयो जसको प्रतिशत ६० रहेको छ । त्यसै गरि ८ जना एकल महिलाहरुको संयुक्त परिवार रहेको पाईयो जसको प्रतिशत ४० रहेको छ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका एकल महिलाहरुको संखया सबैभन्दा वढी संयुक्त परिवारमा रहेको पाईयो जसको प्रतिशत ६० रहेको छ ।

माथिको तालिकालाई निम्न प्रकारले पाईचार्टमा देखाउन सकिन्छ ।




### ५.१.९ एकल महिलाहरुको एकल हुनु पुर्व सामाजिक क्रियाकलापमा संलग्नताको अवस्था

प्रस्तुत तालिकाले एकल महिलाहरुको एकल हुनु पुर्व सामाजिक क्रियाकलापमा संलग्नताको स्थिति बारे प्रष्ट पार्दछ । यस बारेमा थप विवरण निम्न बमोजिम तालिकाबद्ध गरिएको छ ।

तालिका नं. ९

एकल महिलाहरुको एकल हुनु पुर्व सामाजिक कार्यमा संलग्नताको अवस्था

| सामाजिक कार्यमा संलग्नता | संख्या | प्रतिशत |
|---|---|---|
| छ | १२ | ६० |
| छैन | ६ | ३० |
| थाहा छैन | २ | १० |
| जम्मा | २० | १००:०० |

(स्रोत: स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुको एकल हुनु पुर्व सामाजिक कार्यमा संलग्नताको अवस्थाबारे अध्ययन गर्दा १२ जना सामाजिक कार्यमा संलग्न हुने गर्ने गरेका थिए भनेर बताए जसको प्रतिशत ६० रहेको छ । त्यसै गरि ६ जना महिलाहरु सामाजिक कार्यमा संलग्न नहुने गर्ने गरेका थिए भनेर बताए जसको प्रतिशत ३० रहेको छ । र २ जना महिलाहरुलाई सामाजिक कार्यमा संलग्नता बारे थाहा नभएको बताए जसको प्रतिशत १० रहेको छ ।

माथिको तालिकालाई अध्ययन गर्दा अध्ययन क्षेत्रमा एकल एकल महिलाहरु एकल हुनु पुर्व सामाजिक कार्यमा संलग्न रहनेको संख्या बढी रहेको पाईयो जसको प्रतिशत ६० रहेको छ ।

### ५.१.१० एकल महिलाहरुको एकल भए पश्चात् सामाजिक क्रियाकलापमा संलग्नताको स्थिति

प्रस्तुत तालिकाले एकल महिलाहरुको सामाजिक क्रियाकलापमा संलग्नताको स्थितिबारे अध्ययन गर्दछ । एकल भए पश्चात् समाजले सो महिलालाई अलि फरक र हेपाहा व्यवहार गर्दछ जसको कारणले एकल महिलाले आफुलाई सो समाजबाट टाढा राख्दछ । यस बारेमा थप विवरण निम्न बमोजिम तालिकाबद्ध गरिएको छ ।

तालिका नं. १०

एकल महिलाहरुको सामाजिक कार्यमा संलग्नताको अवस्था

| सामाजिक कार्यमा संलग्नता | संख्या | प्रतिशत |
|---|---|---|
| छ | ८ | ४० |
| छैन | ९ | ४५ |
| थाहा छैन | ३ | १५ |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुको सामाजिक कार्यमा संलग्नताको बारेमा अध्ययन गर्दा अध्ययन क्षेत्रमा ८ जना एकल महिलाहरु सामाजिक कार्यमा संलग्न रहेको पाईयो जसको प्रतिशत ४० रहेको छ । त्यसै गरि ९ जना एकल महिलाहरु सामाजिक कार्यमा संलग्न नरहेको पाईयो जसको प्रतिशत ४५ रहेको छ । र ३ जना एकल महिलाहरुलाई सामाजिक कार्यमा संलग्न रहेको नरहेको बारे थाहा नभएको कुरा पाईयो जसको प्रतिशत १५ रहेको छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा  सामाजिक कार्यमा संलग्न नरहेको एकल महिलाहरुको संख्या बढी रहेको पाईयो जसको प्रतिशत ४५ रहेको छ ।

### ५.१.११ एकल महिलाहरुहको समाजमा हुने निर्णय प्रक्रियामा भुमिकाको स्थिति

पितृसत्तात्मक नेपाली समाजमा महिलाहरुको स्थान कस्तो रहेको छ भन्ने कुरा छर्लङ्गै छ । झन त्यसैमा श्रीमान् गुमाएका एकल महिलाहरुको स्थान नेपाली समाजमा कस्तो होला सहजै अनुमान लगाउन सकिन्छ । प्रस्तुत तालिकाले अध्ययन क्षेत्रमा रहेका एकल महिलाहरुको समाजमा हुने निर्णय प्रक्रियामा भुमिकाको स्थिति बारे अध्ययन गर्दछ । थप विवरण निम्न बमोजिम तालिकाबद्ध गरिएको छ ।

तालिका नं. ११

एकल महिलाहरुको समाजमा हुने निर्णय प्रक्रियामा भुमिका

| भुमिका | संख्या | प्रतिशत |
|---|---|---|
| सामान्य | १३ | ६५ |
| महत्वपुर्ण | २ | १० |
| छैन | ५ | २५ |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुको समाजमा हुने निर्णय प्रक्रियामा हुने भुमिका बारे अध्ययन गर्दा अध्ययन क्षेत्रमा १३ जना एकल महिलाहरुको भुमिका सामान्य रहेको पाईयो जसको प्रतिशत ६५ रहेको छ । त्यसै गरि २ जना एकल महिलाहरुको भुमिका महत्वपुर्ण रहेको पाईयो जसको प्रतिशत १० रहेको छ । र ५ जना एकल महिलाहरुको भुमिका नभएको पाईयो जसको प्रतिशत २५ रहेको छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा समाजमा हुने निर्णय प्रक्रियामा एकल महिलाहरुको सामान्य भुमिका रहनेको संख्या बढी पाईयो जसको प्रतिशत ६५ रहेको छ ।

### ५.१.१२ समाजमा एकल महिलाहरुलाई हेर्ने दृष्टिकोण

नेपाली समाज एकदमै पुरातन परम्परागत रुढिवादी सोचले ग्रसित समाज हो । श्रीमतीको देहान्त हुँदा श्रीमान्लाई भाग्यमानी सम्झने नेपाली समाजमा श्रीमान्को देहान्त हुँदा श्रीमतीलाई विभिन्न लान्छना, आरोप लगाई यातना दिएको थुप्रै उदाहरण छन । तल प्रस्तुत तालिकाले समाजमा एकल महिलाहरुलाई हेर्ने दृष्टिकोणबारे अध्ययन गरेको छ । यस बारे थप विवरण निम्न बमोजिमले तालिकाबद्ध गरिएको छ ।

तालिका नं. १२

समाजमा एकल महिलाहरुलाई हेर्ने दृष्टिकोण

| दृष्टिकोण | संख्या | प्रतिशत |
|---|---|---|
| सकारात्मक | ५ | २५ |
| नकारात्मक | १३ | ६५ |
| थाहा छैन | २ | १० |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुलाई समाजले हेर्ने दृष्टिकोणबारे अध्ययन गर्दा अध्ययन क्षेत्रमा ५ जनालाई समाजले सकारात्मक दृष्टिकोण राखेको पाईयो जसको प्रतिशत २५ रहेको छ । त्यसै गरि १३ जना एकल महिलाहरुलाई समाजले नकारात्मक दृष्टिकोण राखेको पाईयो जसको प्रतिशत ६५ रहेको छ । र २ जना एकल महिलाहरुलाई समाजले गर्ने व्यवहार प्रति जानकारी नरहेको पाईयो जसको प्रतिशत १० रहेकोछ ।

माथिको तालिकालाई अध्ययन गर्दा अध्ययन क्षेत्रमा समाजबाट नकारात्मक व्यवहार पाउने एकल महिलाहरुको संख्या बढी रहेको छ जसको प्रतिशत ६५ रहेको छ ।

### ५.१.१३ एकल महिलाहरुलाई अगाडी बढ्नबाट हुने अवरोधको स्थिति

नेपाली समाज अझैपनि महिलाहरुको लागी त्यती सहज बन्न सकेको छैन । आफ्नै छोरा र छोरीमा विभेद गर्ने नेपाली समाजमा एकल महिलालाई प्रोत्साहन गर्ने कुरामा विरलै विस्वास गर्न सकिन्छ । प्रस्तुत तालिकाले एकल महिलालाई अगाडी बढ्नबाट हुने अवरोधको स्थिति बारे जानकारी गराउंदछ । यस बारे थप विवरण निम्न प्रकारले तालिकाबद्ध गरिएको छ ।

तालिका नं. १३

एकल महिलाहरुलाई अगाडी बढ्नबाट हुने अवरोधको स्थिति

| अवरोधको स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| लाग्छ | ११ | ५५ |
| लाग्दैन | ७ | ३५ |
| थाहा छैन | २ | १० |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुलाई समाजमा अगाडी बढ्नबाट हुने अवरोध बारे अध्ययन गर्दा ११ जना एकल महिलाहरुलाई समाजबाट अवरोध भएको पाईयो जसको प्रतिशत ५५ रहेको छ । त्यसैगरि ७ जना एकल महिलाहरुलाई समाजबाट कुनै अवरोध नभएको पाईयो जसको प्रतिशत ३५ रहेको छ । र २ जना एकल महिलाहरुलाई अगाडी बढ्नबाट समाजबाट अवरोध भए नभएको थाहा नभएको पाईयो जसको प्रतिशत १० रहेको छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा समाजले अगाडी बढ्नबाट अवरोध महसुस गरेका एकल महिलाहरुको संख्या बढी पाईयो जसको प्रतिशत ५५ रहेको छ ।

### ५.१.१४ एकल महिलाहरुलाई अगाडी बढ्नको लागी समाजबाट मिल्ने सहयोगको स्थिति

मानिस एक सामाजिक प्राणी हो । समाजमा आफ्नो अस्तित्व कायम राख्नको लागी हर बखत मानिसलाई एक अर्काको आवश्यकता परिरहन्छ र पर्छ पनि । प्रस्तुत तालिकाले अध्ययन क्षेत्रमा एकल

महिलाहरुलाई अगाडी बढ्नको लागी समाजमा महिला पुरुषबाट हुने सहयोगको स्थितिबारे जानकारी गराउदछ। यस बारे थप जानकारी निम्न प्रकारले तालिकाबद्ध गरिएको छ।

तालिका नं. १४

एकल महिलाहरुलाई अगाडी बढ्नको लागी समाजबाट मिल्ने सहयोगको स्थिति

| मिल्ने सहयोग | संख्या | प्रतिशत |
| --- | --- | --- |
| पुरुष | ५ | २५ |
| महिला | ६ | ३० |
| दुवै | २ | १० |
| दुवैबाट असहयोग | ७ | ३५ |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुलाई अगाडी बढ्नको लागी समाजबाट मिल्ने सहयोगको स्थितिबारे अध्ययन गर्दा ५ जना एकल महिलाहरुलाई पुरुषबाट सहयोग मिल्ने गरेको पाईयो जसको प्रतिशत २५ रहेको छ। त्यसै गरि ६ जना एकल महिलाहरुलाई महिलाहरुबाट सहयोग मिल्ने गरेको पाईयो जसको प्रतिशत ३० रहेको छ। २ जना एकल महिलाहरुलाई महिला र पुरुष दुवैबाट सहयोग मिल्ने गरेको पाईयो जसको प्रतिशत १० रहेको छ। त्यसै गरि ७ जना एकल महिलाहरुलाई महिला पुरुष दुवैबाट असहयोग हुने गरेको पाईयो जसको प्रतिशत ३५ रहेको छ।

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा एकल महिलाहरुलाई समाजबाट हुने सहयोगबारे अध्ययन गर्दा सहयोग पाउने भन्दा सहयोग नपाउने एकल एकल महिलाहरुको संख्या बढी पाईयो जसको प्रतिशत ३५ रहेको छ।

### ५.१.१५ एकल महिलाहरुको एकल हुनुपुर्व धार्मिक क्रियाकलापमा संलग्नता

नेपाली समाजमा विभिन्न समयमा विभिन्न प्रकारका धार्मिक क्रियाकलापहरु गरिन्छन् र ती क्रियाकलापमा महिलाको भुमिका विशेष हुन्छ। प्रस्तुत तालिकाले अध्ययन क्षेत्रमा एकल महिलाहरु एकल हुनुपुर्व धार्मिक क्रियाकलापमा संलग्नताबारे अध्ययन गर्दछ। यस बारे थप विवरण निम्न बमोजिले तालिकाबद्ध गरिएको छ।

तालिका नं. १५

एकल महिलाहरुको एकल हुनुपुर्व धार्मिक क्रियाकलापमा संलग्नता

| धार्मिक क्रियाकलापमा संलग्नता | संख्या | प्रतिशत |
|---|---|---|
| धेरै | १५ | ७५ |
| सामान्य | ४ | २० |
| न्युन | १ | ५ |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुको एकल हुनुपुर्व धार्मिक क्रियाकलापमा संलग्नताबारे अध्ययन गर्दा १५ जना एकल महिलाहरु एकल हुनुपुर्व धेरै नै सहभागी हुने गरेका थिए भनेर जानकारी गराए जसको प्रतिशत ७५ रहेको छ । त्यसै गरि ४ एकल महिलाहरु एकल हुनुपुर्व सामान्य सहभागी हुने गरेका थिए भनेर जानकारी गराए जसको प्रतिशत २० रहेको छ । र १ जना एकल महिलाहरु एकल हुनु पुर्व कहिलेकांही मात्र धार्मिक क्रियाकलापमा सहभागी हुने गरेका थिए भनेर जानकारी गराए जसको प्रतिशत ५ रहेको छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा एकल हुनु पुर्व धार्मिक क्रियाकलापमा संलग्न हुने महिलाहरुको संख्या धेरै रहेको पाईयो जसको प्रतिशत ७५ रहेको छ ।

### ५.१.१६ एकल महिलाहरुको एकल भए पश्चात् धार्मिक क्रियाकलापमा संलग्नता

नेपाली समाजमा विभिन्न समयमा विभिन्न प्रकारका धार्मिक क्रियाकलापहरु गरिन्छन् र ती क्रियाकलापमा महिलाको भुमिका विशेष हुन्छ । तर के एकल महिलाहरुले पनि पहिले जतिनै धार्मिक क्रियाकलापमा संलग्न हुन्छन् त ? प्रस्तुत तालिकाले अध्ययन क्षेत्रमा एकल महिलाहरु एकल भए पश्चात् धार्मिक क्रियाकलापमा संलग्नताबारे अध्ययन गर्दछ । यस बारे थप विवरण निम्न बमोजिले तालिकाबद्ध गरिएको छ ।

तालिका नं. १६

एकल महिलाहरुको एकल भए पश्चात् धार्मिक क्रियाकलापमा संलग्नता

| धार्मिक क्रियाकलापमा संलग्नता | संख्या | प्रतिशत |
|---|---|---|
| धेरै | २ | १० |
| सामान्य | ५ | २५ |
| छैन | १३ | ६५ |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुको एकल भए पश्चात् धार्मिक क्रियाकलापमा संलग्नताबारे अध्ययन गर्दा २ जना एकल महिलाहरु धेरै नै संलग्न हुने गरेको पाईयो जसको प्रतिशत १० रहेको छ । त्यसै गरि ५ जना एकल महिलाहरु सामान्य रुपमा धार्मिक क्रियाकलापमा संलग्न हुने गरेको पाईयो जसको प्रतिशत २५ रहेको छ । त्यसै गरि १३ जना एकल महिलाहरु धार्मिक क्रियाकलाप संलग्न नहुने गरेको पाईयो जसको प्रतिशत ६५ रहेको छ ।

माथिको लागी विश्लेषण गर्दा अध्ययन क्षेत्रमा धार्मिक क्रियाकलापमा संलग्न नहुने एकल महिलाहरुको संख्या बढी रहेको पाईयो जसको प्रतिशत ६५ रहेको छ ।

### ५.१.१७ एकल महिलाहरुले धार्मिक क्रियाकलापमा संलग्न नहुनुको कारण

नेपाली समाजमा महिलालाई विभिन्न दर्जा दिई सम्मान गरिने गरिन्छ । तर त्यही महिला केही कारणले गर्दा श्रीमान् गुमाई भने उसलाई समाजमा भए भरका परम्परागत, अन्धविश्वासका सबै दोष लगाउने परिपाटी अझैपनि विद्यमान छ नेपाली समाजमा । प्रस्तुत तालिकाले अध्ययन क्षेत्रका एकल महिलाले धार्मिक क्रियाकलापमा संलग्न नहुनुको कारणबारे अध्ययन गरेको छ । यस बारे थप विवरण निम्न प्रकारले तालिकाबद्ध गरिएको छ ।

तालिका नं. १७

एकल महिलाहरुले धार्मिक क्रियाकलापमा संलग्न नहुनुको कारण

| कारण | संख्या | प्रतिशत |
|---|---|---|
| समाजको हेपाहा व्यवहार | ११ | ५५ |
| परम्परागत सोच | २ | १० |
| देख्ने मान्छे अशुभ मान्ने | ३ | १५ |
| समाजको कुदृष्टि | ४ | २० |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरु धार्मिक क्रियाकलापमा संलग्न नहुनुको कारणबारे अध्ययन गर्दा ११ जना एकल महिलाहरुले समाजको हेपाहा व्यवहारले गर्दा संलग्न नहुने गरेको पाईयो जसको प्रतिशत ५५ प्रतिशत रहेको छ । त्यसैगरि २ जना एकल महिलाहरुले परम्परागत सोचाईको कारणले गर्दा धार्मिक क्रियाकलापमा संलग्न नहुने गरेको पाईयो जसको प्रतिशत १० रहेको छ । त्यसैगरि ३ जना एकल महिलाहरु समाजले आफुलाई अशुभ संकेत मान्ने गरेकाले धार्मिक क्रियाकलापमा संलग्न नहुने गरेको पाईयो जसको प्रतिशत १५ रहेको छ । र ४ जना एकल महिलाहरुले समाजले कुदृष्टि नजर राखेकोले धार्मिक क्रियाकलापमा संलग्न नहुने गरेको पाईयो जसको प्रतिशत २० रहेको छ ।

माथिको तालिकालाई अध्ययन गर्दा समाजले हेपाहा व्यवहार गरेकाले धार्मिक क्रियाकलापमा संलग्न नहुने एकल महिलाहरुको संख्या बढी रहेको पाईयो जसको प्रतिशत ५५ रहेको छ ।

### ५.१.१८ एकल महिलाहरुको रातो वस्त्र तथा श्रृंगार वस्तु धारण प्रतिको धारणा

नेपाली समाज रुढीवादी मान्यता बोकेको समाज अन्तरगत पर्दछ । यहाँ महिलालाई विभिन्न पुरातन सामाजिक बन्देज लगाई विभिन्न यातना दिने गरेको थुप्रै उदाहरणहरु छन्  भने एकल महिलालाई नेपाली समाजले कस्तो खालको परिधि भित्र राखेको होला सजिलै अनुमान लगाउन सकिन्छ । प्रस्तुत तालिकाले अध्ययन क्षेत्रका एकल महिलाहरुको रातो वस्त्र तथा श्रृंगारका वस्तु धारण गर्ने प्रतिको धारणा बारे जानकारी गराउदछ । यसबारे थप विवरण निम्न प्रकारले तालिकाबद्ध गरिएको छ ।

तालिका नं. १८

एकल महिलाहरुको रातो वस्त्र तथा श्रृंगार वस्तु धारण प्रतिको धारणा

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| लगाउन हुन्छ | १० | ५० |
| लगाउन हुदैन | ७ | ३५ |
| थाहा छैन | ३ | १५ |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुको रातो वस्त्र तथा श्रृंगार वस्तु धारण गर्ने प्रतिको विचारबारे अध्ययन गर्दा १० जना एकल महिलाहरुले धारण गर्न हुन्छ भन्ने विचार राखेको पाईयो जसको प्रतिशत ५० रहेको छ । त्यसै गरि ७ जना एकल महिलाहरुले रातो वस्त्र तथा श्रृंगारका वस्तु धारण गर्न हुदैन भन्ने विचार राखेको पाईयो जसको प्रतिशच ३५ रहेको छ । र ३ जना एकल महिलाहरुलाई यस कुरा बारे थाहा नभएको पाईयो जसको प्रतिशत १५ रहेको छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा रातो वस्त्र तथा श्रृंगारका वस्तु धारण गर्न हुन्छ भन्ने एकल महिलाहरुको संख्या बढी पाईयो जसको प्रतिशत ५० रहेको छ ।

### ५.१.१९ एकल महिलाहरुले रातो वस्त्र तथा श्रृंगार वस्तु धारण गरेको देख्दा लाग्ने विचार

नेपाली समाजमा केही नयाँ कुरा भयो कि कुराको पहाड नै बनिहाल्छ झन त्यसैमा महिलाले हरेक क्रियाकलापमा समाजले छड्के तिखो नजरको अंकुश लगाईरहन्छ । झन त्यसैमा एकल महिलालाई समाजले कस्तो खालको नजरमा राखेको होला आफनै अनुमान लगाउन सकिन्छ । प्रस्तुत तीलकाले अध्ययन क्षेत्रमा एकल महिलाहरुले रातो वस्त्र तथा श्रृंगार वस्तु धारण गरेको देख्दा लाग्ने विचार बारे विश्लेषण गर्दछ । यस बारे थप विवरण निम्न प्रकारले तालिकाबद्ध गरिएको छ ।

तालिका नं. १९

एकल महिलाहरुले रातो वस्त्र तथा श्रृंगार वस्तु धारण गरेको देख्दा लाग्ने विचार

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ११ | ५५ |
| नराम्रो | ४ | २० |
| थाहा छैन | ५ | २५ |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुले रातो वस्त्र तथा श्रृंगार धारण गरेको देख्दा एकल महिलाहरुलाई लाग्ने विचार बारे अध्ययन गर्दा ११ जनालाई राम्रो लाग्ने गरेको पाईयो जसको प्रतिशत ५५ रहेको छ। त्यसै गरि ४ जनालाई नराम्रो लाग्ने गरेको पाईयो जसको प्रतिशत २० रहेको छ। र ५ जनालाई यस बारे कुनै कुरा थाहा नभएको पाईयो जसको प्रतिशत २५ रहेको छ।

माथिको तालिकालाई विश्लेषण गर्दा एकल महिलाहरुले रातो वस्त्र धारण गरेको देख्दा राम्रो लाग्नेहरुको संख्या बढी रहेको पाईयो जसको प्रतिशत ५५ रहेको छ।

### ५.१.२० एकल महिलाहरुले पुनः विवाह गर्नु ठिक कि बेठिक

प्रस्तुत तालिकाले अध्ययन क्षेत्रमा एकल महिलाहरुले पुनः विवाह गर्नु ठिक कि बेठिक हो भन्ने तथ्य बारे विश्लेषण गर्दछ। यस प्रकारको प्रश्न अध्ययन क्षेत्रका एकल महिलाहरुलाई सोधी उनीहरुको पुनः विवाह प्रतिको धारणालाई बुझ्ने प्रयास गरिएको छ। यस बारेमा थप विवरण निम्न प्रकारले तालिकाबद्ध गरि प्रस्तुत गरिएको छ।

तालिका नं. २०

एकल महिलाहरुले पुनः विवाह गर्नु ठिक कि बेठिक

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| ठिक हो | १० | ५० |
| ठिक होईन | ६ | ३० |
| थाहा छैन | ४ | २० |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुले पुनः विवाह गर्नु ठिक कि बेठिक बारे अध्ययन गर्दा १० जनाले ठिक हो भनी जवाफ दिएको पाईयो जसको प्रतिशत ५० रहेको छ। त्यसै गरि ६ जनाले ठिक होईन भनी जवाफ

दिएको पाईयो जसको प्रतिशत ३० रहेको छ । र ४ जनाले यस बारे केही थाहा नभएको भनी जवाफ दिएको पाईयो जसको प्रतिशत २० रहेको छ ।

माथिको तालिकालाई अध्ययन गर्दा अध्ययन क्षेत्रमा एकल महिलाहरुले पुनः विवाह गर्नु ठिक हो भन्नेहरुको संख्या बढी पाईयो जसको प्रतिशत ५० रहेको छ ।

### ५.१.२१ एकल महिलाहरुले पुनः विवाह गरी हिंडेको देख्दा लाग्ने धारणा

प्रस्तुत तालिकाले अध्ययन क्षेत्रमा एकल महिलाहरुले पुनः विवाह गरी हिंडेको देख्दा लाग्ने धारणा बारे विश्लेषण गर्दछ । यस प्रकारको प्रश्न अध्ययन क्षेत्रका एकल महिलाहरुलाई प्रश्न गरि उनीहरुको पुनः विवाह प्रतिको धारणालाई बुझ्ने प्रयास गरिएको छ । यस बारेमा थप विवरण निम्न प्रकारले तालिकाबद्ध गरि प्रस्तुत गरिएको छ ।

तालिका नं. २१

एकल महिलाहरुले पुनः विवाह गरी हिंडेको देख्दा लाग्ने धारणा

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ११ | ५५ |
| नराम्रो | ७ | ३५ |
| थाहा छैन | ३ | १५ |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुले पुनः विवाह गरी हिंडेको देख्दा भनी प्रश्न गर्दा ११ जनालाई राम्रो लाग्ने गरेको भन्ने उत्तर पाईयो जसको प्रतिशत ५५ रहेको छ । त्यसै गरि ७ जनालाई नराम्रो लाग्ने गरेको भन्ने उत्तर पाईयो जसको प्रतिशत ३५ रहेको छ । र ३ जनालाई यस बारे कुनै जानकारी नभएको भन्ने उत्तर पाईयो जसको प्रतिशत १५ रहेको छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा एकल महिलाहरुले पुनः विवाह गरि हिंडेको देख्दा राम्रो लाग्ने गरेको भनी उत्तर दिनेहरुको संख्या बढी पाईयो जसको प्रतिशत ५५ रहेको छ ।

### ५.१.२२ एकल महिलाहरुलाई समाजले गर्ने व्यवहार

प्रस्तुत तालिकाले अध्ययन क्षेत्रका एकल महिलाहरुलाई उनीहरु बसीरहेको समाजले गर्ने व्यवहार बारे विश्लेषण गर्दछ । यस बारे थप विवरण निम्न बमोजिमले तालिकाबद्ध गरिएको छ ।

तालिका नं. २२

एकल महिलाहरुलाई समाजले गर्ने व्यवहार

| धारणा | संख्या | प्रतिशत |
| --- | --- | --- |
| राम्रो | ४ | २० |
| अति राम्रो | २ | १० |
| हेपाहा | १४ | ७० |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुले समाजबाट पाउने व्यवहार बारे अध्ययन गर्दा ४ जनाले राम्रो व्यवहार पाउने गरेको पाईयो जसको प्रतिशत २० रहेको छ । त्यसैगरि २ जनाले एकदमै राम्रो व्यवहार गर्ने गरेको पाईयो जसको प्रतिशत १० रहेको छ । र १४ जनाले हेपाहा व्यवहार पाउने गरेको पाईयो जसको प्रतिशत ७० रहेको छ ।

माथी तालिकालाई विशलेषण गर्दा अध्ययन क्षेत्रमा समाजबाट हेपाहा व्यवहार पाउने एकल महिलाहरुको संख्या बढी रहेको पाईयो जसको प्रतिशत ७० रहेको छ ।

### ५.१.२३ एकल महिलाहरुको विकासका लागी आवश्यक कार्यक्रमहरु

एकल महिलाहरुको लागी थुप्रै प्रकारका कार्यक्रमहरु सञ्चालन भएका छन् र भईरहेका छन् । तर पनि तिनीहरुको अवस्था जस्ता को त्यस्तै छ । तसर्थ प्रस्तुत तालिकाले अध्ययन क्षेत्रका एकल महिलाहरुलाई कस्तो खालको कार्यक्रमको आवश्यकताबारे विश्लेषण गर्दछ । यस बारे थप विवरण निम्न प्रकारले तालिकाबद्ध गरि प्रस्तुत गरिएको छ ।

तालिका नं. २३

एकल महिलाहरुको विकासका लागी आवश्यक कार्यक्रमहरु

| आवश्यक कार्यक्रम | संख्या | प्रतिशत |
| --- | --- | --- |
| सिपमुलक | ९ | ४५ |
| जनचेतना मुलक | ८ | ४० |
| सरकारबाट विशेष व्यवस्था | ३ | १५ |
| जम्मा | २० | १००:०० |


(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुको विकासका लागी आवश्यक कार्यक्रमहरुबारे अध्ययन गर्दा सबैभन्दा बढी ९ जनाले सिपमुलक तालिमको माग गरेको पाईयो जसको प्रतिशत ४५ रहेको छ । त्यसैगरि ८ जनाले

सरकारबाट विशेष व्यवस्थाको माग गरेको पाईयो जसको प्रतिशत ४० रहेको छ । र ३ जनाले जनचेतनामुलक कार्यक्रमको माग गरेको पाईयो जसको प्रतिशत १५ रहेको छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका एकल महिलाहरुमा सिपमुलक तालिम माग गर्नेको संख्या बढी पाईयो जसको प्रतिशत ४५ रहेको छ ।

माथिको तालिकालाई निम्न किसीमले पाईचार्टमा देखाउन सकिन्छ ।




## ५.२ एकल महिलाको जिविकोपार्जनका समस्याहरु

अध्ययन क्षेत्रमा एकल महिलाहरुको जिविकोपार्जनका विभिन्न किसीमका समस्याहरु रहेको पाईयो । अध्ययनको क्रममा एकल महिलाहरुलाई आर्थिक समस्या, न्युनस्तरको जिवनशैली, छोराछारीको शैक्षिक गुणस्तरमा कमी, पोषिलो खानाको अभाव आदी जस्ता जिविकोपार्जनका समस्या एकल महिलाहरुले भोगीरहेको पाईयो । यस बारे थप जानकारी यस प्रकार उल्लेख गरिएको छ ।

### ५.२.१ एकल महिलाहरुको पेशाको विवरण

अध्ययन क्षेत्रमा विशेष गरि कृषि, नोकरी, ज्यालादारी, होटेल व्यवसायी र पशुपंक्षीपालन पेशा अंगालेर आफ्नो जिविकोपार्जन गरिरहेको पाईयो । यस बारेमा थप विवरण निम्न अनुसार तालिकाबद्ध गरिएको छ ।

तालिका नं. २४

एकल महिलाहरुको पेशाको विवरण

| पेशा | संख्या | प्रतिशत |
| --- | --- | --- |
| कृषि | ४ | २० |
| नोकरी | ५ | २५ |
| ज्यालादारी | ३ | १५ |
| व्यवसाय | ६ | ३० |
| पशु-पंक्षीपालन | २ | १० |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा ४ जना एकल महिलाहरु कृषि पेशा अपनाएको पाईयो जसको प्रतिशत २० रहेको छ । त्यसैगरि अध्ययन क्षेत्रमा ३ जना एकल महिलाहरु ज्यालादारी पेशा अप्नाएको पाईयो जसको प्रतिशत १५ रहेको छ । त्यसै गरि २ जना एकल महिलाहरु पशुपंक्षीपालन पेशा अप्नाएको पाईयो जसको प्रतिशत १० रहेको छ । त्यसै गरि अध्ययन क्षेत्रमा नोकरी गर्ने ५ जना एकल महिला पाईयो जसको प्रतिशत २५ रहेको छ र व्यवसाय अपनाएको एकल महिलाहरु ६ जना पाईयो जसको प्रतिशत क्रमशः ३० रहको छ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका एकल महिलाहरु व्यवसाय पेशा अपनाएको बढी पाईयो जसको प्रतिशत ३० रहेको छ ।

### ५.२.२ एकल महिलाहरुको पारिवारिक जमीनको विवरण

जमीन अचल सम्पत्ती अन्तरर्गत पर्दछ । जमीनको स्वामित्वले मानिसको आम्दानी तथा उसको सम्पन्नताको स्तरबारे जनाउदछ । अझ गाँउ स्तरमा जमिनको महत्व झनै बढी रहेको हुन्छ । गाँउ स्तरमा जो सँग जति बढी जमिन हुन्छ त्यो त्यति नै सम्पन्न मानिन्छ । प्रस्तुत तालिकाले अध्ययन क्षेत्रमा रहेका एकल महिलाहरुको पारिवारिक जमिनको स्थितिबारे प्रष्ट्याउँदछ  जुन निम्न बमोजिम तरिकाले तालिकाबद्ध गरिएको छ ।

तालिका नं. २५

एकल महिलाहरुको पारिवारिक जमीनको विवरण

| जमिन विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| ५ कट्ठा देखी १० कट्ठा | ६ | ३० |
| १० कट्ठा देखी १ विघा | ७ | ३५ |
| १ विघा देखी २ विघा | ४ | २० |
| २ विघा भन्दा माथी | ३ | १५ |
| | २० | १००:०० |

(स्रोत: स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुको पारिवारिक जमिनको बारेमा अध्ययन गर्दा अध्ययन क्षेत्रमा ६ जना एकल महिलाहरुको पारिवारिक जमिन ५ कट्ठा देखी १० कट्ठा सम्म रहेको पाईयो जसको प्रतिशत ३० रहेको छ । त्यसै गरि ७ जना एकल महिलाहरुको पारिवारिक जमिन १० कट्ठा देखी १ विघा सम्म रहेको पाईयो जसको प्रतिशत ३५ रहेको छ । त्यसै गरि ४ जना एकल महिलाहरुको पारिवारिक जमिन १ विघा देखी २ विघा सम्म रहेको पाईयो जसको प्रतिशत २० रहेको छ । त्यसै गरि ३ जना एकल महिलाहरुको पारिवारिक जमिन २ विघा भन्दा माथि रहेको पाईयो जसको प्रतिशत १५ रहको छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा बढी (३५%) एकल महिलाहरुसँग १० कट्ठा देखी १ विघा जमिन रहेको पाइएको छ ।

### ५.२.३ एकल महिलाहरुको नाममा रहेको जमिनको विवरण

प्रस्तुत तालिकाले अध्ययन क्षेत्रमा रहेका एकल महिलाहरुको नाममा रहेको जमिनको स्थिति बारे जानकारी गराउँदछ । यस बारे थप विवरण निम्न प्रकारले तालिका बद्ध गरिएको छ ।

तालिका नं. २६


एकल महिलाहरुको नाममा रहेको जमिनको विवरण

| जमिन | संख्या | प्रतिशत |
|---|---|---|
| छ | ७ | ३५ |
| छैन | १३ | ६५ |
| जम्मा | २० | १००:०० |

(स्रोत: स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुको नाममा रहेको जग्गा जमीनकोबारेमा विश्लेषण गर्दा अध्ययन क्षेत्रमा ७ जना एकल महिलाहरुको नाममा जमिन रहेको पाईयो जसको प्रतिशत ३५ रहेको छ । त्यसै गरि १३ जना एकल महिलाहरुको नाममा जमिन नरहेको पाईयो जसको प्रतिशत ६५ रहेको छ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका धेरै एकल महिलाहरुको नाममा जमिन नरहेको पाईयो जसको प्रतिशत ६५ रहेको छ । माथिको तालिका निम्न प्रकारले पाईचार्टमा देखाउन सकिन्छ ।




## ५.२.४ एकल महिलाहरुको मासिक आम्दानीको विवरण

तल उल्लेखीत तालिकाले एकल महिलाहरुको मासिक आम्दानीको विवरण बारे जानकारी गराउदछ । अध्ययन क्षेत्रमा छनौट गरिएका एकल महिलाहरुले विभिन्न क्रियाकलाप गरि आय आर्जन गरिरहेका छन् । यस बारेमा थप विवरण निम्न बमोजिम तालिकाबद्ध गरिएको छ ।

तालिका नं. २७

एकल महिलाहरुको मासिक आम्दानीको विवरण

| आम्दानी रकम | संख्या | प्रतिशत |
|---|---|---|
| ५००० भन्दा कम | ७ | ३५ |
| ५०००-८००० सम्म | ६ | ३० |
| ८००० भन्दा माथी | ५ | २५ |
| छैन | २ | १० |
| जम्मा | २० | १००:०० |

(स्रोत: स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुको मासिक आम्दानीबारे अध्ययन गर्दा अध्ययन क्षेत्रमा ५००० भन्दा कम आम्दानी हुने एकल महिलाहरुको संख्या ७ रहेको छ जसको प्रतिशत ३५ रहेको छ । त्यसै गरि ५००० देखी ८००० सम्मको आम्दानी हुने एकल महिलाहरुको संख्या ६ रहेको छ जसको प्रतिशत ३० रहेको छ । त्यसै गरि ८००० भन्दा माथिको आम्दानी हुनेको संख्या ५ रहेको छ जसको प्रतिशत २५ रहेको छ । र अध्ययन क्षेत्रमा २ जना एकल महिलाहरुको कुनै पनि आम्दानी नरहेको पाईयो जसको प्रतिशत १० रहेको छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा ५००० भन्दा कम आम्दानी हुने एकल महिलाहरुको संख्या बढी रहेको पाईयो जसको प्रतिशत ३५ रहेको छ ।

### ५.२.५ एकल महिलाहरुको मासिक बचतको विवरण

तल उल्लेखीत तालिकाले एकल महिलाहरुको मासिक विवरण बारे जानकारी गराउदछ । अध्ययन क्षेत्रमा छनौट गरिएका एकल महिलाहरुले विभिन्न क्रियाकलाप गरी आयआर्जन गरिरहेका छन् । यस बारेमा थप विवरण निम्न बमोजिम तालिकाबद्ध गरिएको छ ।

तालिका नं. २८

एकल महिलाहरुको मासिक बचतको विवरण

| बचत रकम | संख्या | प्रतिशत |
|---|---|---|
| ३००० भन्दा कम | ७ | ३५ |
| ३०००-५००० सम्म | ६ | ३० |
| ५००० भन्दा माथी | ५ | २५ |
| छैन | २ | १० |
| जम्मा | २० | १००:०० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७६)

एकल महिलाहरुको मासिक बचतबारे अध्ययन गर्दा अध्ययन क्षेत्रमा ३००० भन्दा कम गर्ने एकल महिलाहरुको संख्या ७ रहेको छ जसको प्रतिशत ३५ रहेको छ । त्यसै गरि ३००० देखी ५००० सम्मको बचत गर्ने एकल महिलाहरुको संख्या ६ रहेको छ जसको प्रतिशत ३० रहेको छ । त्यसै गरि ५००० भन्दा माथिको बचत गर्ने एकल महिलको संख्या ५ रहेको छ जसको प्रतिशत २५ रहेको छ । र अध्ययन क्षेत्रमा २ जना एकल महिलाहरुको कुनै पनि रकम बचत नहुने गरेको पाईयो जसको प्रतिशत १० रहेको छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा ३००० भन्दा कम बचत गर्ने एकल महिलाहरुको संख्या बढी रहेको पाईयो जसको प्रतिशत ३५ रहेको छ ।

### ५.३ एकल महिलामा आएको सामाजिक परिवर्तन

परिवर्तन विभिन्न कारणले गर्दा हुन्छ । परिवर्तनको लागी स्वतन्त्रता, आर्थिक विकास, पहिचान, सांस्कृतिक विकास, शिक्षा, समता र समानता आदी जस्ता पक्षहरुको आवश्यकता पर्दछ । आर्थिक विकासले परनिर्भरता हटाउछ, शिक्षा र सांस्कृतिक विकासले कुरिति तथा अन्धविश्वास हटाउंछ । अनि परिवर्तनको प्रक्रिया सुरु हुन्छ । जुन समुदाय जातजातीमा शिक्षा र आर्थिक विकास भएको हुन्छ त्यो समुदायमा अन्य समुदायको तुलनामा चाँडै सामाजिक परिवर्तनहरु देखा पर्दछन् । नेपाली समाजमा ब्राह्मण, क्षेत्री तथा अन्य वर्ग जो शिक्षित तथा आर्थिक तवरले सवल छन् तिनीहरु चाँडै नै आफ्नो यथा स्थानबाट परिवर्तन भईरहेका छन् र भएका छन् । यस अध्ययन क्षेत्रमा पनि अन्य जातजाती र समुदायको तुलनामा ब्राह्मण र क्षेत्री समुदायका एकल महिलाहरुको सामाजिक अवस्था विकसित र परिवर्तित अवस्थामा पाईयो ।

सामाजिक परिवर्तन निरन्तर चलिरहने प्रकृया हो । त्यसैको परिणाम स्वरुप आजको युग निरन्तर परिवर्तनशील छ । मानिसका हरेक कृयाकलापमा परिवर्तन आईरहेको छ । आजको युगमा प्रत्येक जात जाति, समुदाय, वर्ग, समुहलाई प्रत्येक अर्को जात जाति, वर्ग, समुदायको प्रभाव, वाहिरी सम्पर्क, भ्रमण आदि कारणले गर्दा ठुलो मात्रामा असर पारी रहेको छ । समाज दिन प्रतिदिन खुकुलो हुनुको साथै समाजमा विद्यमान मुल्य र मान्यताहरु दिन प्रतिदिन खुकुलो र कमजोर भैरहेका छन् । परम्परागत रुपमा रहेका जातिय संस्कारहरु दिन प्रति दिन परिवर्तन भई प्रायः लुप्त हुन थालेका छन् । मानिसमा जातिय भावनाको परिवर्तन भैरहेको छ । तसर्थ यस अध्ययनमा एकल महिलाको सामाजिक, सांस्कृतिक र आर्थिक क्षेत्रमा के कस्तो परिवर्तन भई रहेका छन् भनी केलाउने प्रयास गरिएको छ ।

#### ५.३.१ एकल महिलाको शैक्षिक क्षेत्रमा आएको परिवर्तन

आजको युग परिवर्तनशिल हुनाको कारणले मानिसका हरेक कुरामा परिवर्तन आइरहेको छ । त्यसकारण एकल महिलाहरुको सामाजिक र आर्थिक जीवनमा पनि परिवर्तन आएको देखिन्छ । अध्ययन गर्ने कममा एकल महिलाहरुको शैक्षिक स्थितिमा पनि केहि परिवर्तन भएको पाइन्छ । स्थलगत सर्वेक्षण गर्दा खेरि विशेष गरि दलित जातीका प्रौढ महिलाहरु अशिक्षित रहेको र केही महिलाको प्रौढ शिक्षा लिएर साधरण लेखपढ गर्न सक्ने भएका पाइनुले पनि पहिलेका महिलाहरुले पनि शिक्षाको महत्वलाई बुझी प्रौढ शिक्षा लिएका देखिन्छ भने यी एकल महिलाहरु सबैले आफ्नो बच्चालाई स्कूल पठाउनुले पनि शिक्षा क्षेत्रमा निकै सुधार हुदै आएको देखिन्छ ।

#### ५.३.२ विवाह संस्कारमा आएको परिवर्तन

हाम्रो समाजको मान्यता अनुसार मान्छले जिवनमा एक पटक मात्र विवाह गर्नुपर्दछ । तर पछिल्लो समयमा पश्चिमेली संस्कार चालचलनको प्रभाव हाम्रो नेपाली समाजमा बढ्दै गईरहेको हामीलाई भान

भईरहेको छ । जसको फलस्वरुप सम्बन्ध विच्छेद गरि दोस्रो विवाह गरेका महिला पुरुष हाम्रो समाजमा थुप्रै भेटिन्छन् । यसबाट एकल महिलाहरु पनि आफुलाई टाढा राख्न नसकेको थुप्रै उदाहरणहरु छन् नेपाली समाजमा । अध्ययन क्षेत्रमा अध्ययन गर्ने क्रममा चार पाँच जना उमेर भएका एकल महिलाहरुले पुनः विवाह गरेका भेटिए । यसबाट के प्रष्ट हुन्छ भने विस्तारै एकल महिलाहरुले पुराना संस्कार र कुप्रथालाई लत्याउदै आफ्नो जिवनस्तरमा सुधार गरिरहेका छन् । यस कुरालाई नेपाली समाजले पनि मौन बसेर अप्रत्यक्ष रुपमा प्रोत्साहन गरिरहेको बुझ्नमा सकिन्छ ।

### ५.३.३ रहन सहनमा आएको परिवर्तन

पहिलेको चलन अनुसार एकल महिलाले श्रीमान्को देहान्त पश्चात् सेतो पहिरनमा सजिनु पर्थ्यो । आफ्नो शरिरमा रातो रंगको एक थोपा समेत पर्न दिंदैनथे । समाजले पनि एकल महिलालाई विभिन्न अन्धविश्वासको शिकार बनाएको थुप्रै उदाहरण नेपाली समाजमा उपलब्ध छन् । तर अहिले समय बदलिसकेको छ । एकल महिलालाई समाजले जतीसुकै खराव नजरले व्यवहार गरेपनि सिपयुक्त शिक्षित एकल महिलाहरुले आफु आफ्नो परिवारलाई विकासको बाटो तर्फ अग्रसर गराएको पाईयो । पुरातन सोचलाई लत्याउदै आफ्नो जिवनशैली नयाँ आयाम दिईरहेको पाईयो । परिवर्तनशिल समयसँगै एकल महिलाहरु पनि आफुलाई परिवर्तन गर्दै अघि बढि रहेको पाईयो । समाजको हरेक पक्षमा पुरुष जत्तिकै सहभागी, सहयोग र योगदान गरिरहेको पाईयो ।

### ५.३.४ चाडपर्वमा आएको परिवर्तन

नेपाली समाज सांस्कृतिक तवरले निकै नै धनी मनिन्छ । यहाँ बर्षको बाह्रै महिना केही न केही चाडपर्व कहि न कहि मनाइएको पाईन्छ । पहिला पहिला एकल महिलालाई कुनै मन्दिर, चाड पर्वमा प्रवेशबाट रोक लगाईएको पाइन्थ्यो तर अहिलेको अवस्था नितान्त फरक भईसकेको छ । अहिले समाजमा एकल महिलाहरु पनि विभिन्न धार्मिक क्रियाकलापमा आफुलाई विस्तारै संलग्न गराईरहेका छन् तर समाजले एकल महिलाहरुलाई उचित स्थान दिन सकिरहेको छैन । एकल महिलाहरु आजभोली आफ्नो धर्म अनुसार धार्मिक चाडपर्वमा सरिक हुँदै आइरहेका छन् तर यो कुरा हिन्दु धर्मावलम्वी एकल महिलाहरुलाई त्यति सजिलो अझै पनि छैन । तिनीहरु अझ पनि पुरातन सोंचको शिकार भैरहेका छन् । प्राचिन समयमा श्रीमान्को मृत्यु भएमा श्रीमान्को चितासँगै श्रीमती पनि सती जानुपर्ने प्रथा थियो जुन अहिले पुर्णरुपले बर्जित छ । धार्मिक हिसावले एकल महिला त्यति धेरै खुल्न नसकेपनि केही रुपमा आफुलाई परिवर्तन गरि अहिले विभिन्न पुजा आराधनामा सहभागी हुने वर्त बस्ने गरेको कुरा अध्ययन क्षेत्रमा पाईयो ।

### ५.३.५ राजनैतिक क्षेत्रमा आएको परिवर्तन

कुनै पनि महिलाको सबै पक्षको अध्ययन गर्दा राजनैतिक क्षेत्रलाई अलग गर्न सकिदैन । किनभने राजनितिले कुनै पनि महिलाको जनजीवनमा महत्वपूर्ण प्रभाव पारेको हुन्छ । एकल महिलाहरुले पनि राजनीतिमा चासो लिई स्थानीय तथा प्रतिनिधि सभाको निर्वाचनमा आफ्नो मताधिकार प्रयोग गरेको पाइयो । यसरी एकल महिलाहरु पनि विस्तारै राजनैतिक क्षेत्रमा रुची राखेको देखिएको पाइयो । पहिलो र दोस्रो संविधानसभामा पनि एकल महिलाबाट प्रतिनिधित्व रहेको पाईयो । यसबाट के बुझिन्छ भने एकल महिलाहरुमा राजनितिक चेतनामा बृद्धि भईरहेको पाईएको छ ।

एकल महिलाहरु राजनैतिक क्षेत्रमा जति सक्रिय छन् त्यति नै सामाजिक क्षेत्रमा पनि आवद्ध छन् । प्रायः जसो प्रत्येक एकल महिला विभिन्न सहकारी, समुहमा आवद्ध छन् र प्रत्येक महिनामा मासिक बचत गर्दछन् । साथै अन्य चेतनामुलक कार्यक्रमहरुमा पनी एकल महिलाहरु सहभागी हुँदै गरेको पाइयो ।

# अध्याय छ

# सारांश, निष्कर्ष तथा सुझावहरु

## ६.१ सारांश

यस शोधपत्र कैलाली जिल्ला धनगढी उपमहानगरपालीका वडा नं. १३ राजपुरका एकल महिलाहरूको सामाजिक अवस्था पत्ता लगाउनु र सामाजिक कृयाकलापहरूमा एकल महिलाहरूको सहभागिता र जिवन निर्वाहका समस्या जस्ता उद्देश्यमा आधारित रहेर तयार पारिएको छ । यस शोधकार्यमा प्राथमिक स्रोत जस्तै अवलोकन, अन्तरवार्ता, वैयक्तिक अध्ययन जस्ता बिधिहरूको प्रयोग गरिएको छ भने द्बितीय स्रोत अन्तर्गत एकल महिलाहरूका सम्बन्धमा जानकारी दिने बिभिन्न पुस्तकहरु, शोधपत्रहरू, पत्रपत्रिका, लेखरचना आदिको प्रयोग गरी तथ्याङ्कहरू संकलन गरिएको छ साथै यस अध्ययनको समग्रता ६१ जना एकल महिलाहरू रहेको र २० जना एकल महिलाहरूलाई नै सम्भाव्यता नमुना छनौट बिधिद्बरा अन्तरवार्ता लिइएको छ ।

अध्ययन क्षेत्रका उत्तरदाताहरुको सम्बन्धमा अध्ययन गर्दा यस अध्ययन क्षेत्रमा विभिन्न जात जातिहरुका एकल महिलाहरुको बसोवास रहेको पाईयो । यस अध्ययन क्षेत्रमा सवैभन्दा बढी ब्राम्हण (३०%) को बाहुल्यता रहेको पाईयो त्यसैगरि उमेरको स्थितिलाई हेर्दा ७० देखी माथी वर्षका उत्तरदाताहरु बढी (३०%) पाईयो । अध्ययन क्षेत्रका अधिकांश उत्तरदाताहरु हिन्दु धर्ममा आस्था राखेको पाईयो । पेशाको स्थितिलाई हेर्ने हो भने सबैभन्दा बढी (३०%) उत्तरदाताहरु व्यापार व्यवसाय पेशामा आवद्ध रहेको पाईयो । एकल महिलाहरुको पारिवारिक जमिनको स्थितिलाई हेर्दा बढी (३५%) सँग १० कट्ठा देखी १ विगाहा सम्म पारिवारिक जमिन रहेको पाईयो । त्यसैगरि उत्तरदाताहरु सँग आफ्नो नाममा रहेको जमिनको स्थितिलाई हेर्दा सबैभन्दा बढी (६५%) सँग आफ्नो स्वामित्वमा कुनै जमिन नरहेको पाईयो । त्यसैगरि पारिवारिक संरचनालाई हेर्ने हो भने धेरैजसो उत्तरदाताहरु (६०%) एकल परिवार रहेको पाईयो र एकल परिवारका उत्तरदाताहरु मध्ये केही उत्तरदाता मात्र घरमुली रहेको पाईयो । अध्ययन गर्ने क्रममा समाजिक क्रियाकलापमा संलग्न हुने उत्तरदाताहरुको स्थितिलाई हेर्दा ८ जना संलग्न हुने गरेको पाईयो । त्यसैगरि धार्मिक क्रियाकलापमा संलग्न हुने उत्तरदाताहरुको स्थितिलाई हेर्दा २ जना मात्र संलग्न हुने गरेको पाईयो । त्यसैगरि ५० प्रतिशत उत्तरदाताहरुले एकलहरुले पुनः विवाह गर्नु ठिक हो भनेर जानाएको पाईयो । एकल महिलाहरुलाई सक्षम र आत्मनिर्भर बनाउनका लागी एकल महिला लक्षित विभिन्न सिपमुलक कार्यक्रमहरु योजना तर्जुमा ल्याउनु पर्ने, चेतना स्तरमा बृद्धि गर्नुपर्ने जस्ता धारणाहरु प्रायः सवै उत्तरदाताहरुले राखेको पाईयो । अन्त्यमा अध्ययन क्षेत्रका मुख्य व्यक्तीहरुसँग लिइएको अन्तरवार्ताको जवाफमा अधिकांशको विचार उस्तै खालको पाईयो । समाजमा एकल महिलाहरुलाई फरक व्यवहार भएको भए पनि अधिकांश समाजिक तथा आर्थिक अवस्थालाई माथी उकास्नको लागी आ आफ्नो क्षेत्रबाट सबैले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको पाईयो । यस अध्ययनबाट प्राप्त भएका मुख्य प्राप्तीहरु यस प्रकार रहेका छन् ।

## मुख्य प्राप्तीहरु

- अध्ययन क्षेत्रका एकल महिलाहरुको सम्बन्धमा अध्ययन गर्दा यस क्षेत्रमा विभिन्न जात जाती ब्राह्मण, क्षेत्री,राना थारु, गुरुङ्ग र दलित आदी रहेको पाईयो । जस मध्ये ब्राह्मण सबैभन्दा बढी ६ जना (३०%) रहेको र त्यसपछि क्रमशः क्षेत्री, थारु,गुरुङ्ग र दलित आदि रहेको पाईयो ।

- अध्ययन क्षेत्रका एकल महिलाहरुको उमेरको स्थितिलाई हेर्दा सबैभन्दा बढी ७० देखी माथी वर्षका (३०%), त्यसपछि ६१ देखी ७० वर्षका २५ प्रतिशत, ४१ देखी ५० वर्षका १० प्रतिशत, ५१ देखी ६० वर्षका १५ प्रतिशत र ३१ देखी ४० वर्षका बराबर १५ प्रतिशत रहेको पाईयो । समग्रमा भन्दा सशस्त्र द्वन्द, विभिन्न दुर्घटना र कालगतिले गर्दा यस क्षेत्रका महिलाहरु एकल हुनुपरेको देखियो ।

- शैक्षिक स्थितिको कुरा गर्दा २ जना (१०%) उत्तरदाताहरु निरक्षर भेटिए भने बाँकी उत्तरदाताहरु साक्षर देखिए ।

- उत्तरदाताहरुको एकल हुँदाको उमेरको स्थितिलाई हेर्दा ७ जना (३५%) उत्तरदाताहरु ६१ देखी माथी वर्ष उमेरमा एकल भएको पाईयो ।

- अधिकांश उत्तरदाताहरुले हिन्दु धर्म मान्ने (५०%) गरेको पाईयो ।

- पेशागत स्थितिलाई हेर्दा सवैभन्दा वढी व्यापार व्यवसायमा संलग्न ६ जना (३०%) र सवैभन्दा कम पशुपंक्षीपालन गर्ने २ जना (१०%) रहेको पाइयो ।

- जग्गा जमिनको अवस्था वारे अध्ययन गर्दा ५ देखि १० कट्ठा भन्दा माथिको जमिन उत्तरदाताहरु संग रहेको पाईयो । जसमा १० कट्ठा देखि १ विघा सम्मको जमिन हुने उत्तरदाताहरु बढी (३५%) पाईयो भने २० जना एकल एकल महिलाहरु मध्य ७ जना (३५%) को नाममा मात्र जमिन रहेको पाईयो ।

- आम्दानीको अवस्थालाई विश्लेषण गर्दा मासिक ५००० भन्दा कम आम्दानी गर्ने एकल महिलाहरु ७ जना (३५%) रहेको पाईयो भने २ जना (१०%) एकल महिलाहरुको कुनै आम्दानीको स्रोत नभई परनिर्भर रहेको पाईयो ।

- एकल महिलाहरुको श्रीमान्को मृत्युको कारणमा सबैभन्दा बढी ७ जनाको (३५%) श्रीमान्को मृत्यु कालगतिले भएको पाईयो । त्यसैगरि ६ जनाको (३०%) श्रीमान्को मृत्यु रोगव्याधीबाट

भएको पाईयो । त्यसैगरि ३ जनाको (१५%) श्रीमान्को मृत्यु सशस्त्र द्वन्दको कारणले भएको पाईयो र ४ जनाको (२०%) श्रीमान्को मृत्यु विभिन्न दुर्घटनाको कारणले गर्दा भएको पाईयो ।

- एकल महिलाहरुको पारिवारिक संरचना बारे अध्ययन गर्दा सवैभन्दा बढी १२ जना (६०%) को एकल परिवार रहेको पाईयो भने बांकी ८ जना (४०%) को संयुक्त परिवार रहेको पाईयो । एकल परिवार भएका एकल महिलाहरुमा पनि केही जना मात्र घरमुली रहेको पाईयो ।

- एकल महिलाहरुको सामाजिक क्रियाकलापमा संलग्नता बारे अध्ययन गर्दा सबैभन्दा बढी ९ जना (४५%) सामाजिक क्रियाकलापमा संलग्न नहुने गरेको पाईयो । यसरी सामाजिक क्रियाकलापमा संलग्न नहुनुको कारण समाजको हेपाहा व्यवहार रहेको पाईयो ।

- एकल महिलाहरुको समाजमा निर्णय प्रक्रियामा भुमिका बारे अध्ययन गर्दा सबैभन्दा बढी १३ जना (६५%) को सामान्य भुमिका हुने गरेको पाईयो । त्यसैगरि २ जना (१०%) को महत्वपुर्ण भुमिका हुने गरेको पाईयो भने ५ जना (२५%) कुनै पनि भुमिका नहुने गरेको पाईयो ।

- अध्ययन क्षेत्रका एकल महिलाहरुको एकल हुनुपुर्व धार्मिक क्रियाकलापमा संलग्नताबारे अध्ययन गर्दा सबैभन्दा बढी १५ जना (७५%) ले धेरै संलग्न हुने गरेका थिए भनि जानकारी गराए । त्यसैगरि ४ जना (२०%) ले सामान्य रुपले संलग्न हुने गरेका थिए भनि जानकारी गराए र १ जना (५%) ले न्युन संलग्न हुने गरेको जानकारी गराए ।

- एकल महिलाहरुको एकल भए पश्चात् धार्मिक क्रियाकलापमा संलग्नताबारे अध्ययन गर्दा सबैभन्दा बढी १३ जना (६५%) संलग्न नहुने गरेको पाईयो भने ५ जना (२५%) ले सामान्य रुपले संलग्न हुने गरेको पाईयो र २ जना (१०%) ले धेरै नै संलग्न हुने गरेको पाईयो ।

- एकल महिलाहरुलाई समाजले गर्ने व्यवहार बारे अध्ययन गर्दा सबैभन्दा बढी १४ जना (७०%) ले समाजबाट हेपाहा व्यवहार पाउने गरेको पाईयो । त्यसैगरि ४ जना (२०%) ले समाजबाट राम्रो व्यवहार पाउने गरेको र २ जना (१०%) ले धेरै राम्रो व्यवहार पाउने गरेको पाईयो ।

- एकल महिलाहरुलाई प्राप्त हुने सहयोग बारे अध्ययन गर्दा महिला र पुरुष दुवैबाट असहयोग पाउनेको संख्या बढी ७ जना (३५%) पाईयो । त्यसैगरि पुरुषबाट मात्र सहयोग पाउनेको संख्या ५ जना (२५%) पाईयो । महिलाबाट मात्र सहयोग पाउने एकल महिलाहरुको संख्या ६ जना (३०%) पाईयो । र महिला र पुरुष दुवैबाट सहयोग पाउने एकल महिलाहरुको संख्या २ जना (१०%) रहेको पाईयो ।

- एकल महिलाहरुलाई अगाडी बढ्नबाट हुने अवरोधबारे अध्ययन गर्दा सबैभन्दा बढी ११ जना (५५%) लाई समाजबाट अगाडी बढ्न अवरोध हुने गरेको पाईयो । त्यसैगरि ७ जना (३५%) लाई कुनै पनि खालको अवरोध नभएको पाईयो भने २ जना (१०%) लाई यस बारेमा अनविज्ञ रहेको पाईयो ।

- एकल महिलाहरुलाई रातो वस्त्र तथा श्रृंगारका वस्तुको प्रयोग गर्न हुन्छ कि हुदैन भनी अध्ययन गर्दा सबैभन्दा १० जना (५०%) ले रातो वस्त्र तथा श्रृंगारक वस्तु प्रयोग गर्न हुन्छ जानकारी दिएको पाईयो । त्यसैगरि ७ जना (३५%) ले एकल महिलाहरुले रातो वस्त्र तथा श्रृंगारक वस्त प्रयोग गर्न हुंदैन भनी जानकारी दिएको पाईयो र ३ जना (१५%) यसबारे आफु अनविज्ञ रहेको जानकारी दिएको पाईयो ।

- एकल महिलाहरुले पुनः विवाह गर्नु ठिक हो कि बेठिक भनी अध्ययन गर्दा सवैभन्दा बढी १० जना (५०%) ले ठिक हो भन्ने कुरा गरेको पाईयो । त्यसैगरि ६ जना (३०%) ले ठिक होईन भन्ने कुरा गरेको पाईयो भने बाँकी ४ जना (२०%) ले यसबारे अनविज्ञता देखाएको पाईयो ।

- एकल महिलाहरुको समग्र विकास तथा सशक्तिकरणको लागी आवश्यक कार्यक्रम बारे अध्ययन गर्दा सबैभन्दा धेरै ९ जना (४५%) ले सिपमुलक तालिमको माग गरेको पाईयो । त्यसैगरि ३ जना (१५%) ले सरकारबाट विशेष व्यवस्थाको माग गरेको पाईयो र ८ जना (४०%) ले जनचेतनामुलक कार्यक्रमको माग गरेको पाईयो ।

## ६.२ निष्कर्ष

कैलाली जिल्ला धनगढी उपमहानगरपालीका वडा नं. १३ राजपुरका एकल महिलाहरूको सामाजिक, आर्थिक अवस्था तथा जिवन निर्वाहका समस्या सम्वन्धी विषयमा गरिएको अध्ययनबाट निम्न किसिमको निष्कर्ष निकाल्न सकिन्छ ।

यस अध्ययनबाट अध्ययन क्षेत्रका उत्तरदाताहरू मध्ये शिक्षित को तुलनामा अशिक्षित महिलाहरू बढी पीडित हुनु परेको देखिन्छ जसको प्रमुख कारणमा अशिक्षितहरूले खुलस्त भएर आफ्ना पिर मर्काहरू परिवार र समाजमा राख्न सक्दैनन् जसका कारण उनीहरू अपहेलित हुनु परेको देखिन्छ । तर शिक्षित महिलाहरूले आफूलाई कमजोर नठानी सामाजिक क्रियाकलामा पनि संलग्न हुन, आयआर्जनका लागि आयमूलक कार्यक्रममा संलग्न हुन, समूह गठन गरी सामाजिक कार्यमा लाग्ने गरेका छन । अर्को महत्वपूर्ण कुरा त के छ भने जुन परिवार आर्थिक रुपले कमजोर छ त्यस परिवारका एकल महिलाहरु वढी शोषित हुनु परेको देखिन्छ भने आर्थिक रुपमा सम्पन्न परिवारले आफ्नो घरको एकल महिला युवा नै छन् भने त उनीहरूलाई विभिन्न संघ संस्थामा आवद्ध गराउनका लागि वा आयआर्जन गराउनका लागि

प्रोत्साहित गर्ने गरेको पनि देखियो यसो हुनुको मुख्य कारणको रुपमा शैक्षिक स्थिति र आर्थिक अवस्थालाई मुख्य रुपमा लिन  सकिन्छ ।

अध्ययनको क्रममा हिन्दू धर्म मान्नेहरुको तुलनामा अन्य धर्म मान्ने एकल महिलाहरू तुलनात्मक रुपमा बढी स्वतन्त्र रहने गरेको पाइयो । हिन्दू धर्म त्यसमाथि पनि ब्राम्हण समुदायको घरका एकल महिलाहरू अन्य जातीको तुलनामा बढी नै संकिर्णतामा रहनु परेको पाइयो जसको मुख्य कारणमा परम्परागत अन्धविश्वास र रुढीवादी संस्कारलाई लिन सकिन्छ । त्यसैगरी कृषि पेशा अंगालेका एकल महिलाहरु अन्य पेशा व्यवसाय गर्ने भन्दा आर्थिक रुपमा कमजोर रहेको पाईयो किनभने परम्परागत कृषि प्रणालीमा अधिकाशं रुमल्लिरहेको स्थिति देखियो ।

अधिकांश एकल महिलाहरुको आम्दानी एकदमै कम रहेको देखिन्छ जसको कारण दैनिक न्यूनतम आवश्यकता पुरा गर्न पनि धेरै नै परिश्रम गर्नु परिरहेको देखियो । महिलाको शैक्षिक अवस्था र सामाजिक गतिविधिमा उनीहरुको संलग्नता लाई सकारात्मक सम्बन्धको रुपमा लिन सकिन्छ । सामान्यतया शिक्षित महिलाहरु नै सामाजिक गतिविधि मा संलग्न हुने गरेको पाइएको छ ।

विकास र परिवर्तनसँगै एकल महिलाहरुमा पनि अहिले सामाजिक, आर्थिक, सांस्कृतिक राजनितिक पक्षमा निकै नै परिवर्तन आईसकेको छ । पहिलेको तुलनामा अहिले एकल महिलाहरु सामाजिक क्रियाकलापमा बढी संलग्न हुने गरेको पाईएको छ । समाजको विकास देखि निर्णय प्रक्रिया सम्म एकल महिलाहरुले आफ्नो पहुँच बढाउन सफल भएका छन् । त्यसै गरी एकल महिलाहरु विभिन्न सीपहरु सिकेर आर्थिक क्रियाकलापमा पनि उत्तिकै अग्रसर भइरहेका छन् भने केही एकल महिलाहरु सफल उद्यमी समेत बनिसकेका छन् । एकल महिला अब घरभित्र मात्र नभएर सदनमा समेत बुलन्द आवाज उठाईरहेका छन् । वर्तमान समयमा केही एकल महिलाहरु एउटा कुशल नेतृत्वकर्ताको रुपमा उदाईरहेका छन् जुन अति राम्रो र प्रशंसनिय कुरा हो । समग्रमा भन्नु पर्दा एकल महिलाहरुको समग्र पक्षमा विस्तारै परिवर्तन आईरहेको कुरा यस अध्ययन देखाउँदछ ।

### ६.३ सुझावहरू

- सर्वप्रथम एकल महिलाहरूप्रतिको नकारात्मक सोचाइलाई समाजमा बस्ने हरेक व्यक्तिहरूबाट हटाउनु पर्दछ ।
- एकल महिलाका छोराछोरीलाई बाबुको मृत्युपछि शिक्षा, स्वास्थ्यको निःशुल्क व्यवस्था गरिदिनुपर्ने र एकल महिला लक्षित सिप तथा आयमूलक कार्यक्रम संचालन गर्नुपर्दछ ।
- सरकारी तथा गैर सरकारी संघ सस्थाका नीतिहरु एकल महिला प्रति लक्षित हुनुपर्दछ र एकल महिला प्रतिको नकारात्मक सोचाइलाई पाठ्यक्रमबाट हटाइ समाजमा सकारात्मक सोचको विकास गर्ने चेतनाको विकास गर्नुपर्दछ ।
- सानै उमेरमा हुने विवाहलाई निरुत्साहित गर्नु पर्दछ ।

- घर परिवारमा पनि एकल महिलालाई अरु सदस्यलाई जस्तै समान किसिमको व्यवहार गराउनु पर्दछ जसको लागि चेतनास्तरमा बृद्धि गर्नु पर्दछ ।
- सवैतिरबाट उपेक्षित भएर बाँचेका एकल महिलाहरूलाई सहानुभूति दिनुपर्दछ । यसको लागि समाजमा हुने गरेका हरेक किसिमका क्रियाकलापमा उनीहरूलाई सहभागी गराउनु पर्दछ । जसले गर्दा उनीहरूको मनमा उब्जेको वितृष्णा कम भएर जान्छ ।

## वैयक्तिक अध्ययन

### वैयक्तिक अध्ययन-१

कैलाली जिल्ला धनगढी उपमहानगरपालीका वडा नं. १३ राजपुरमा बस्ने वर्ष ५७ कि राममाया जोशी एक किराना व्यापारीका साथै सामाजिक रुपमा सक्रिय महिला हुनुहुन्छ । उहाँको दुई छोरी हुनुहुन्छ । उहाँको श्रीमान्को २०५९ सालमा सशस्त्र द्वन्दमा परि मृत्यु भएको रहेछ । श्रीमान् मृत्यु पछि एकल बनेकी राममायालाई सम्पूर्ण जिम्वेवारी एकैचोटी आफ्नो काँधमा आइपरेपनि श्रीमान्को मृत्युको पीडालाई पछाडि सारेर निकै संघर्ष गरेको बताउनुहुन्छ । त्यसकारण पनि उहाँ एक संघर्षशील महिला  हुनुहुन्छ । आफ्नो श्रीमान्को मृत्युपछि राममाया एउटा सानो किराना पसल राखेर आफ्नो जीवन निर्वाह गरेको बताउनुहुन्छ । उहाँ धनगढी उपमहानगरपालीका वडा नं. १३ राजपुरको सेतो गुराँस आमा समूहको कोषाध्यक्ष पनि रहेको बताउनुहन्छ । त्यस्तै गरी हिमशिखर वचत तथा ऋण सहकारी संस्थामा पनि आवद्ध रहेको वताउनुहुन्छ । उहाँले सुरुमा एकल भैसेकपछि निकै समस्याहरुको सामना गर्नुपरेको वताउनुहुन्छ । तर आजकल भने उहाँ आफ्नो काम र संघर्ष प्रति अझै गर्व गर्नुहुन्छ । उहाँको पसलवाट आएको आम्दानीले घरखर्च टार्ने र छोराछारीलाई पढाउने गरेको बताउनुहुन्छ । त्यस्तै गरी सामाजिक क्रियाकलापमा पनि संलग्न भएर सामाजिक विकृति प्रति चेतना फैलाउने गरेको बताउनुहनछ । ब्राह्मण समुदायको व्यक्ती रहेको हुनाले तथा रातो पहिरनलाई श्रीमान्ले दिएको उपहार राममायाले सम्झनुहुन्छ र सवै एकल महिलाहरुको सेतो वस्त्रलाई त्यागी रातो कपडा लगाउँदा खासै फरक नपर्ने बताउनुहुन्छ । अन्य जाती समुदायमा श्रीमान् खसेकी आइमाईले सेतो वस्त्र लगाउनुपर्ने चलन नरहेको पनि देवकीले बताउनुहुन्छ । त्यस कारणले गर्दा उहाँ रातो वस्त्र लगाउँछिन अरुलाई प्रोत्साहीत गर्नको लागी पनि आफु जस्तै महिलाहरुलाई एकल भएपछि लगाउने सेतो पहिरनले समाजमा निकै पछाडि पारेको हुन्छ भन्नुहुन्छ । त्यसकारण आफ्नो सामाजिक, आर्थिक अवस्थालाई माथि उठाउनको लागि आफैंले संघर्ष गर्नुपर्दछ भन्ने उहाँको धारण छ ।

**वैयक्तिक अध्ययन २**

कैलाली जिल्ला हालको धनगढी उपमहानगरपालिकाको वडा नं. १३ राजपुरमा बि.सं. २०४९ सालमा  जन्मनु भएकी रञ्जिता खड्का २० वर्षको उमेरमा सोही ठाँउमा बस्ने सुजन क्षेत्रीसँग प्रेम बिवाह गरेकी थिईन । उनीहरु मध्यम स्तरीय परिवारमा आफ्नो जीवन गुजारिरहेका थिए । रञ्जिताको परिवारमा एक छोरा रहेका छन् । उनको श्रीमान्ले काठमाण्डौंमा सरकारी जागिरे थिए । उनीहरूको जीवन हाँसीखुशी नै बितिरहेको थियो तर अचानक वि.सं. २०७२ सालमा महाभुकम्पमा परि उनको श्रीमानको मृत्यु भयो । त्यसपछि रञ्जिताको जीवनमा ठूलो बज्रपात परेको कुरा रञ्जिताले वताउनुहुन्छ । उहाँका अनुसार आफूलाई श्रीमानको मृत्युपछि घर व्यवहार धान्न छोरालाई हुर्काउन पनि धौ-धौ परेको वताउनुहुन्छ । आफु क्षेत्री जातीको भएकाले तथा हिन्दु धर्ममा आस्था राखेकाले तथा परम्परागत मान्यताले गर्दा सेतो पहिरन लगाउने गर्थिन् र सोही सेतो पहिरनमा बस्दाखेरि घर परिवार तथा समाजवाट पनि तिरस्कृत हुनुपरेकाले झन् बढी पीडा थपिएको सरिताले वताउनुहुन्छ । स्नातक तह सम्मको अध्ययन गरेकी रञ्जितालाई श्रीमानको जस्तै सरकारी जागिर गर्ने ईच्छा बढेपछि उनी काठमाण्डौ आएर लोकसेवा आयोगको तयारी गरि अहिले नायब सुब्बा पदमा महिला तथा बालबिकास कार्यालय धनगढीमा कार्यरत छिन् । आफूमा पनि मैले पनि केहि गर्न सक्छु समाजका अगाडि आफ्ना कुराहरु खुलेर राख्न सक्छु भन्ने आत्मविश्वास वढेको अनामिका बताउनुहुन्छ । आजकल उहाँ समाजको हरेक क्रियाकलापमा एउटा कुशल नेतृत्वकर्ताको भुमिका पनि निर्वाह गर्दै आउनु हुन्छ । र आजकल उहाँ सेतो पहिरन पनि लगाउन छोडेको कुरा बताउनु हुन्छ । यसरी सेतो पहिरन नलगाउदा सासु ससुराले कहिलेकाँही कुरा सुनाए पनि ति सबै कुरालाई वेवास्ता गरेर अगाडी बढीरहेको कुरा हर्षित मुद्रा बताउनुहुन्छ । आइपरेको खण्डमा जस्तो सुकै काम पनि एकल महिलाले गर्न सक्छन् भन्ने उहाँको विश्वास  छ र एकल एकल महिलालाई हेलाको दृष्टिले नहेरिकन सबैले सम्मानजनक व्यवहार गर्नुपर्दछ भन्ने मान्यता रञ्जिताको रहेको छ ।

**वैयक्तिक अध्ययन-३**

कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका, वडा नं. १३ राजपुरमा बस्ने वर्ष ४२ वर्ष कि केशरी थारु एक सफल कृषक महिला हुनुहुन्छ । उहाँको एक दुई छोरा र दुई छोरी हुनुहुन्छ । उहाँको श्रीमान्को ११ वर्ष पहिले जटिल रोगको कारण मृत्यु भएको रहेछ । श्रीमान्को मृत्यु पछि एकल बनेकी केशरीलाई ठुलै बज्रपात परेको बताउनु हुन्छ । त्यसैमा पनि श्रीमान् खसेको लगत्तै घर छुट्टिदां झनै ठुलो विचल्लीमा परेको कुरा सुनाउनु भयो । आफु न शिक्षा न रोजगारी न त कुनै सिप भएकाले सुरुका वर्ष निकै नै दुखः भोगेको कुरा आसुका थोपा खसाउदै सुनाईन । घर छुट्टिदा श्रीमान्को भागको ८ कट्ठा जमिन मात्र आफ्नो सम्पत्ती रहेको बताउदै उनी एक दिन महिला पैरवी मञ्च, कैलाली तथा कृषी विकास कार्यालयको संयुक्त आयोजनामा सञ्चालन भएको १५ दिने व्यवसायीक मौसमी तथा बेमौसमी तरकारी खेती तालीममा सहभागी हुने मौका पाईन र आफ्नो श्रीमान्को नासोको रुपमा पाएको त्यही जमिनमा सो तालिम पश्चात् तरकारी तथा च्याउ खेती सुरु गरेको कुरा बताउनु हुन्छ । सुरुका दिनहरुमा केही अप्ठ्यारो भए पनि अहिले उनी तरकारी खेतीबाटै वार्षीक दुई लाख देखी साढे दुई लाख सम्म आम्दानी गर्ने गरेको बताउनु हुन्छ । त्यही तरकारी खेतीबाटै भएको आम्दानीले आफ्नो दुईटै छोरीको विहे गरिसकेको र जेठो छोरालाई जे.टि.ए. पढाएको कुरा र कान्छो छोरालाई धनगढीमा एच. ए. पढाउदै गरेको कुरा बडो गर्वका साथ बताउनु हुन्छ । यस अध्ययनको सिलसिलामा उहाँलाई भेट्ने क्रममा उहाँले अहिले पाँच कोठाको पक्की घर बनाउदै गरेको देखियो । उहाँले भन्नु हुन्छ कि मान्छेले हिम्मत नहारी संघर्ष गरेर अगाडी बढ्नुपर्छ सफलता आफै मिल्छ, त्यसैले मान्छेले संघर्ष गर्नुपर्छ । अहिले उहाँ आफ्नो गाँउको नमुना कृषकको रुपमा आफुलाई चिनाउन सफल हुनु भएको । अगि पछि उनलाई गाली गलौज गर्नेहरु आज उहाँकै अनुसरण गरिरहेको देखेर उनी भित्र झन साहस बढ्ने गरेको बताउनु हुन्छ । थारु समुदाय एक अन्धविश्वास तथा रुढीवादी समस्याले ग्रसित समुदाय भएकोले आफु पनि सोही अन्धविश्वास तथा आरोपमा समाजबाट अपमानित हुनुपरेको कुरा बताउनु हुन्छ । तर फेरी त्यही समाजले आफ्नो प्रगिती देखेर प्रशंसा गर्ने गरेको कुरा खुसी हुंदै सुनाउनु हुन्छ । आफु जस्तै श्रीमान् गुमाएका महिलाहरुलाई के भन्न चाहनु हुन्छ भनेर प्रश्न गर्दा, उहाँ भन्नु हुन्छ “सुख दुख सवैलाई पर्छ तर सुख हुंदैमा मात्तिने र दुखः पर्दैमा आत्तिनु हुदैन । संघर्ष गर्नुपर्छ मेहनत गर्नुपर्छ बाँकी सबै समयले आफै सबै कुराहरुलाई सन्तुलनमा ल्याउछ । मिहिनेत, संघर्ष गर्नुपर्छ” । र अन्त्यमा आफुलाई व्यवसायी मौसमी तथा बेमौसमी तरकारी खेती सिप विकास तालिममा सहभागी गराई आफुमा जोस जाँगर सिर्जना गरिदिएकोमा महिला पैरवी मञ्च तथा कृषी विकास कार्यालयलाई हृदयबाट नै धन्यवाद दिएको कुरा बताउनु हुन्छ ।

<u>सन्दर्भ सामाग्री</u>

अर्याल भोजिन्द्र (२०५९) "लैङ्गिक अध्ययन", पैरवी प्रकाशनः काठमाण्डौं ।

आचार्य, बलराम (२०५८), सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा, युनाईटेड ग्राफिक्स प्रिन्टर्सः काठमाण्डौं ।

उपध्याय खेमराज (२०७४), "नेपालमा महिला विकाशका प्रयत्नहरु" समाजशास्त्र विषयकोस्नातकोत्तर तह उपाधिको आंशिक आवश्यकता परिपूर्तिको निम्ति तयार पारिएको शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाण्डौं ।

चौधरी, प्रकाश (२०७४) "एकल विधुवा महिलाको सामाजिक तथा आर्थिक अवस्थाः धनगढी उपमहानगरपालीकाको एक समाजशास्त्रिय अध्ययन", समाजशास्त्र विषयको स्नातकोत्तर तह उपाधीको आंशिक आवश्यकता परिपूर्तिको लागी तयार पारिएको शोधपत्र, त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाण्डौं ।

जनसंख्या तथा वातावरण मन्त्रालय (१९९६) जनसंख्या सम्बन्धि अन्तरराष्ट्रिय सम्मेलन ।

थापा, लिली (२०६२), "एकल महिलासँगको सहयात्राको अनुभूति", किरोजमान सिंह बस्नेतः काठमाण्डौं ।

देवकोटा, अनिता (२०६१), "समान व्यवहार गरौं, सभ्यता बचाऔ", *अस्तित्व* त्रैमासिक, एकल महिला सञ्जाल समूहः काठमाडौं ।

ढुगांना, निर्मला (२०६२), "एकल महिलामा सामाजिक संरचनात्मक पीडा", *अस्तित्व* त्रैमासिक, एकल महिला सञ्जाल समूहः काठमाडौं ।

पाण्डे, विष्णुमायाँ (२०६१), अपमानले मलाई संघर्षशील बनायो, *अस्तित्व* त्रैमासिक, काठमाडौंः एकल महिला सञ्जाल समूहः काठमाडौं ।

पोखरेल नानीराम र अन्य (२०६०), लैंगिक अध्ययन, न्यु हिरा बुक्स इन्टरप्राइजेजः काठमाडौं । बराल, वासु (२०५०), संस्कृती (कल्चर), भुवन प्रकाशनः काठमाण्डौं ।

रिजाल, सुशीलकुमार (२०६०), *नेपाली समाजका विधवा महिलाहरू*, समाजशास्त्र/मानवशास्त्र विषययको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता परिपूतिको निम्ति तयार पारिएको शोधपत्र, पाटन संयुक्त क्याम्पसः ललितपुर ।

रेग्मी, निर्मला (२०६३), रातो पहिरनले बढाएको आत्मविश्वास, *अस्तित्व* त्रैमासिक, एकल महिला सञ्जाल समूहः काठमाण्डौं ।

शर्मा, शिव (२०६६), आत्मनिर्भर बन्दै एकल महिला, *कान्तिपुर दैनिक*, काठमाडौं ।

श्रेष्ठ, कान्ति (२०६३), एकल महिला (विधवा) को विकासको लागी दक्षिण एसियाली ।

## अंग्रेजी सन्दर्भ सामाग्रीहरु

Bhatta G.P. (2010). *Assessing Land Reform Approaches to Benefit Socially and Economically Disadvantaged (SED) People*. Enschede, The etherlands: Unpublished Master's Thesis, Submitted to International Institute for Geo-information Science and Earth Observation.

Boserup, Ester. 1970. *Women's Role in Economic Development.* London: George Allen and Unwin.

Castles, S. (2001). 'Studying Social Transformation'. *International Political Science Review*.

Vol. 22, No. 1: Sage Publications, Ltd.

Juri Lienert and Paul Burger. (2015). 'Merging capabilities and livelihoods analyzing the use of biological resources to improvewell-being.' *Ecology and Society*, Vol. 20, No.

2. Resilience Alliance Inc.

Khanal, S. (1996). *Impact of production on Rural Women Development*. An Unpublished

M.A. Thesis Submitted Central Department of Economics. TU, Kirtipur.

Portes, A. (1973). 'Modernity and Development: A Critique'. *Studies in Comparative International Development*. University of Texas.

Rene, V. (2001). 'The "New" Kerala Model: Lessons for Sustainable Development'. *World Development*. Vol. 29, No. 4. Great Britain.

Ritzer George, 1992. Sociological theory**,** third edition, Mc Graw-Hill INC.

Robeyns, I. 2005. The capability approach: a theoretical survey. *Journal of Human Development* 6(1).

Sen, A. (1999). *Development as Freedom*. New York: Alfred A. Knopf. Singh & Shrestha, N. (2006). "A socio-cultural status of single women in Nepal," *Hamro*

*sansar*. A world of our own issue No. 5, p. 6.

## अनुसूची १

प्रश्नावली सूची

**व्यक्तिगत विवरण**

नाम :                                                   ठेगाना :

उमेर :                                                  धर्म :

विवाह हुँदाको उमेर :

विधवा हुँदाको उमेर :

शैक्षिक योग्यता : १) शिक्षित (खुलाउने).............२) साक्षर      ३) निरक्षर

पेशा :

जातजातिः

पारिवारिक विवरण :

| सि.न. | उमेर समूह | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | शिक्षित | अशिक्षित | शिक्षित | अशिक्षित | शिक्षित | अशिक्षित |
| १. | ० देखि ५ | | | | | | |
| २. | ६ देखि १५ | | | | | | |
| ३. | १६ देखि ४५ | | | | | | |
| ४. | ४६ देखि ६० | | | | | | |
| ५. | ६० भन्दामाथि | | | | | | |

१.तपाईंको श्रीमानको मृत्युको मुख्य कारण के हो ?

(क) दुर्घटना          (ख) कालगति          (ग) सशस्त्र द्वन्द्व          (घ) अन्य ( खुलाउने).........

२.राज्यका तर्फबाट तपाईंलाई केही सहुलियत छ ?

(क) छ     (ख) छैन

३. छ भने कस्तो छ ?

(क) एकल भत्ता (ख) नोकरी (ग) अन्य (खुलाउने)

४.तपाईंको परिवार कुन प्रकारको हो ?

(क) एकल (ख) संयुक्त

५.संयुक्त परिवांरमा बस्दा कत्तिको अपमानित हुनुपरेको छ ?

(क) धेर (ख) थोरै (ग) अपमान भएको छैन

६..हाल घरमा मुख्य व्यक्ति को हुनुहुन्छ ?

(क) ससुरा (ख) आँफै (ग) अन्य( खुलाउने)................

७.परिवार सञ्चालनको लागि प्रमुख आयस्रोत के हो ?

(क) नोकरी (ख) व्यापार (ग) कृषि (घ) अन्य

८.तपाईंको मुख्य पेशा के हो ?

(क) नोकरी (ख) व्यापार (ग) कृषि (घ) अन्य

९.प्रति महिना कति आम्दानी गर्नुहुन्छ ?

(क) ५००० भन्दा कम (ख) ५०००–८००० सम्म (ग) ८००० भन्दा माथि (घ) छैन

१०.तपाईको आफ्नो नाममा जग्गा जमिन छ ?

(क) छ ( ख) छैन

११.यदि छ भने कति छ ?

क. विघा ........

ख. कट्ठा ........

ग. धुर .........

१२. आफ्नो जग्गाबाट आएको उब्जनीले कति समयसम्म खान पुग्छ ?

(क) ३ महिना (ख) ६ महिना (ग) ९ महिना (घ) एक बर्षभन्दा माथि

१३.तपाई सामाजिक क्रियाकलापहरुमा पनि संलग्न हुनुहुन्छ ?

(क) छु (ख) छैन (ग) थाहा छैन

१४.यदि हुनुहुन्छ भने उल्लेख गर्नुहोस् ।

...................................................

१५.समाजमा हुने महत्वपूर्ण निर्णयहरुमा तपाईंको भूमिका कस्तो हुन्छ ?

(क) महत्वपूर्ण (ख) सामान्य (ग) हुदैन

१६.समाजमा विधवालाई हेर्ने दृष्टिकोण कस्तो पाउनुभएको छ ?

(क) सकारात्मक (ख) नकारात्मक (ग) थाहा छैन

१७.समाजमा विधवा महिलाहरुलाई अगाडि बढ्नबाट रोकिएको जस्तो लाग्छ ?

(क) लाग्छ (ख) लाग्दैन (ग) थाहा छैन

१८.यदि लाग्छ भने रोक्ने काम महिलाहरुबाट हुन्छ कि पुरुषबाट ?

(क) महिला (ख) पुरुष (ग) दुवै

१९.समाजमा विधवालाई अगाडि बढ्न सहयोग महिलाहरुले बढी गर्छन् कि पुरुषले ?

(क) महिला (ख) पुरुष (ग) दुवै (घ) दुवैबाट हुदैन

२०.तपाईं विधवा हुनुपूर्व धार्मिक क्रियाकलापमा कतिको संलग्न हुनुहुन्थ्यो ?

(क) धेरै (ख) सामान्य (ग) कम/न्यून

२१.तपाईंलाई आजकाल धार्मिक कार्यमा संलग्न हुन कतिको मन लाग्छ ?

(क) धेरै (ख) सामान्य (ग) लाग्दैन

२२.तपाईंको विचारमा विधवाले रातो वस्त्र तथा शृंगारका वस्तु लगाउन हुन्छ कि हुदैन ?

(क) हुन्छ (ख) हुदैन (ग) थाहा छैन

२३.आजभोलि विधवा महिलाले रातो वस्त्र लगाएर हिडेको देख्दा तपाईंलाई कस्तो लाग्छ ?

(क) राम्रो (ख) नराम्रो (ग) थाहा छैन

२४.तपाईंको विचारमा विधवाले विवाह गर्नु ठीक हो ?

(क) ठीक हो (ख) ठीक होइन (ग) थाहा छैन

२५.आजभोलि कसैकसैले विधवा विवाह गरेर हिडेको देख्दा कस्तो लाग्छ ?

(क) राम्रो (ख) नराम्रो (ग) थाहा छैन

२६. तपाईंलाई समाजले कस्तो व्यवहार गरेको महसुस गर्नुभएको छ ?

क) राम्रो ख) धेरै राम्रो ग) हेपाहा घ) अन्य

२७. हाम्रो समाजले विधवाप्रति सकारात्मक सोच राख्छ कि राख्दैन ? यदि राख्दैन भने कसरी सोचाइमा परिवर्तन ल्याउनु पर्ला ?

....................................................................................................................................
............................................................................................

२८.तपाईंका विचारमा विधवा महिलाले भोग्नुपरेका समस्याहरू के के हुन् ?

....................................................................................................................................
............................................................................................

२९. हाम्रो समाजमा विधवाहरूले सम्मानजनक अवसर प्राप्त गर्न के गर्नु पर्ला ?

....................................................................................................................................
............................................................................................

धन्यवाद !